# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ७६ | काठमाडौं | मंगलबार, २४ असार २०८२ | Prabhab National Daily | Tuesday, July 08, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


निजामती विधेयकमा अनधिकृत हेरफेर प्रकरण

# सांसद परियार नेतृत्वको छानबिन समितिलाई तीन कार्यादेश

## छानबिनको समयसीमा २१ दिन

समितिमा कुन पार्टीबाट को–को ?

**नेपाली कांग्रेस**
जीवन परियार (संयोजक)
सुशीला थिङ

**नेकपा एमाले**
ईश्वरी घर्ती
नारायणप्रसाद आचार्य

**माओवादी केन्द्र**
माधवप्रसाद सापकोटा

**रास्वपा**
गणेश पराजुली

**राप्रपा**
रोशन कार्की



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभाबाट पारित संघीय निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'सम्बन्धीको प्रावधान निष्प्रभावी हुनेगरी अनधिकृत हेरफेर गरिएको विषयको छानबिन गर्न संसदीय छानबिन समिति गठन भएको छ ।

सभामुख देवराज घिमिरेले सोमबार नेपाली कांग्रेसका सांसद जीवन परियारको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरेका हुन् । समितिमा कांग्रेसबाटै सांसद सुशीला थिङ, नेकपा एमालेबाट सांसदहरू ईश्वरी घर्ती र नारायणप्रसाद आचार्य, नेकपा माओवादी केन्द्रबाट सांसद माधवप्रसाद सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सांसद गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट सांसद रोशन कार्की सदस्य रहेका छन् ।

समितिलाई छानबिन गरी प्रतिवेदन बुझाउने समयसीमा २१ दिनको दिइएको छ । समिति सदस्य घर्तीले सभामुख घिमिरेले आज (मंगलबार) दिउँसो १२ बजे समितिको बैठक बोलाएको जानकारी दिइन् । सोही बैठकले कार्यादेशअनुसार समितिको कार्यरेखा तयार गर्ने छ । 'सभामुखज्यूले समितिको पहिलो बैठक बोलाउनुभएको छ, बैठकले समितिले के-के गर्ने ? त्यसबारेको कार्यरेखा बनाउने छ,' उनले प्रभावसँग भनिन् ।

प्रतिनिधिसभाबाट निजामती विधेयक पारित गर्ने बेला अवकाशप्राप्त कर्मचारीलाई तत्काल राजकीय र संवैधानिक पुनः नियुक्ति लिनबाट रोक्नका निम्ति राखिएको दुई वर्षे 'कुलिङ अफ पिरियड'को प्रावधानमाथि अनधिकृत हेरफेर भएको थियो ।


क्रमशः पृष्ठ २ मा


### समितिलाई दिइएको कार्यादेश

- संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादम्य नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो सो सम्बन्धमा छानबिन गर्ने ।
- प्रतिवेदन तयार हुनुमा कसको कस्तो भूमिका छ भन्नेबारे छानबिन गर्ने ।
- त्रुटिमा कसैको संलग्नता देखिए के कस्तो कारबाही गर्ने र भविष्यमा त्यस्ता कमजोरी दोहोरिन नदिन अपनाउनुपर्ने सावधानीबारे सुझाव पेस गर्ने

कांग्रेस केन्द्रीय समिति बैठक

# केन्द्रीय सदस्यहरूको मागमा बेवास्ता

- विधानअनुसार आगामी मंसिरमा १५औं महाधिवेशनको मिति तोक्न नेताहरूले माग गरेका थिए, सभापति देउवा भने आफ्नो पद २०८४ सम्मै लम्ब्याउने मुडमा
- सरकारको काम प्रभावकारी नभएको भन्दै मन्त्री फिर्ता बोलाउने मागमा यही सरकारलाई प्रभावकारी बनाएर अघि बढ्ने निर्णय
- संविधान संशोधन मूल मुद्दा बनाएर एमालेसँग मिलीजुली सरकार बनाएको कांग्रेसले बल्ल कार्यदल बनाउने निर्णय
- क्रियाशील सदस्यता विवाद सल्टाउन नसकेपछि भदौ मसान्तसम्म नवीकरण म्याद थप



नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा पार्टीका पदाधिकारीहरू । *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हप्ता दिन चलेको नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक केन्द्रीय सदस्यहरूको माग सुनुवाइ नगरी टुंग्याइएको छ । पार्टी सभापति शेरबहादुर देउवाले नेकपा एमालेसँगको मिलीजुली सरकार ८४ सालसम्मै जाने र अरुले भनेको आफूले मान्नैपर्ने कर नरहेको उल्लेख गर्दै सोमबार केन्द्रीय समिति बैठक समापन गरेका हुन् ।

खासमा सरकारको कामको समीक्षा, मन्त्री फिर्ता, विधानअनुसार महाधिवेशनको मिति, क्रियाशील सदस्यता विवाद, अन्तर्घातीलाई कारबाही, तदर्थवादमा चलिरहेको भ्रातृसंगठनहरूको महाधिवेशन मिति तोक्नेलगायतको विषयमा केन्द्रीय समिति बैठक केन्द्रित थियो । बैठकमा अधिकांश नेताहरूले १५औं महाधिवेशनको मिति तोक्न र मन्त्री फिर्ता बोलाउन माग गरेका थिए ।

तर केन्द्रीय समितिको निर्णयमा यी कुनै विषय नभएको बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'पार्टीको केन्द्रीय समिति बैठकमा महाधिवेशनबारे कुनै पनि निर्णय भएको छैन,' उनले भने, 'मन्त्रीहरू फिर्ता बोलाउने सम्बन्धमा बैठकमा केही पनि छलफल भएकै छैन ।' कांग्रेसको विधानअनुसार अबको मंसिरमा महाधिवेशन हुनैपर्छ । तर विभिन्न कारण देखाउँदै देउवाले यसअघि पनि विधानअनुसार महाधिवेशन गरेनन् ।

बैठकको अन्तिम दिन सोमबार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सरकारको प्रभावकारिताबारे धारणा राखेका थिए । महामन्त्री थापाले सरकारको काम प्रभावकारी नभए मान्छे फेरेरै भए पनि बनाउने बताएका थिए । यद्यपि कांग्रेसले यो विषयलाई भने निर्णयमा राखेको छ । असार १६ बाट सुरु भएर हप्ता दिनसम्म चलेको केन्द्रीय समितिले प्राथमिकतामा राखेर यो निर्णय गरेको प्रवक्ता महतले बताए । 'आर्थिक समृद्धि र रोजगारी सिर्जनामा सरकार प्रभावकारी बन्नुपर्ने छ । सरकारमा उपस्थित कांग्रेसका मन्त्रीहरूको काम पनि प्रभावकारी बन्नुपर्छ भन्ने छ,' उनले भने ।

यसैगरी कांग्रेसले संविधान संशोधनका लागि कार्यदल बनाउने निर्णय पनि गरेको छ । पहिले कुन-कुन विषय संशोधन गर्नेबारे निश्चित गरेपछि गठबन्धनका दलहरूसँग मिलेर संविधान संशोधनका विषयमा अघि बढ्ने प्रवक्ता महतले बताए । 'पहिले के-के विषय छन् संशोधनका विषय निर्क्योल गर्ने र गठबन्धनमा रहेका दलसँग थप छलफल गरी अघि बढ्ने छ,' उनले भने ।


क्रमशः पृष्ठ २ मा


देउवाको घुर्की

## म अप्ठ्यारो मान्छे हो है !

केन्द्रीय समिति बैठकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले छैटौंपटक प्रधानमन्त्री नबन्न पार्टी सभापति शेरबहादुर देउवालाई सुझाएका थिए ।

देउवाले केही दिनअघि चितवन पुगेर आफू पार्टीबाट अवकाश हुन लागेको बताएका थिए । यही विषय सम्झाउँदै शर्माले सभापति र प्रधानमन्त्री पद छाड्न आग्रह गर्दा देउवाले भने आफूले कसैको सुझाव मान्नैपर्ने बाध्यता नरहेको सुनाए ।



'मैले के गर्छु, के गर्दिनँ त्यो मेरो आफ्नो कुरा हो ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भ : वैदेशिक रोजगार

मलेसिया रोजगारीमा सप्लाई कम्पनीको जालो

# न्यून पारिश्रमिकमा काम गर्न बाध्य नेपाली सुरक्षा गार्ड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुरक्षा गार्डमा नेपालीहरू मात्र लग्दै आएको मलेसियाले थोरै पारिश्रमिकमा काम गराएको विषय पुनः संसद्मा उठेको छ । सोमबारको प्रतिनिधिसभा बैठकमा सांसद रमा कोइराला पौड्यालले मलेसियामा रहेका नेपाली सुरक्षा गार्डले पाउनुपर्नेजति पारिश्रमिक नपाएको बताएकी छन् ।

भर्खरै 'माइग्रेन्ट फोरम इन एसिया'ले मलेसियामा गरेको कार्यक्रममा सहभागी भएर फर्किएकी पौड्यालले प्रतिनिधिसभाको विशेष समयमा बोल्दै दिनको १५ घण्टा र महिनाको ३० दिन उभिनुपर्ने सुरक्षा गार्डले न्यून पारिश्रमिकमा काम गरिरहेको बताएकी हुन् । 'नेपालको म्यानपावरबाट मलेसिया गएका सुरक्षा गार्डहरू दिनको १५ घण्टा र महिनाको ३० दिन नै काम गर्नुपर्दो रहेछ । त्यति कामबापतको पारिश्रमिक ३३ सय रिंगेटसम्म हुने रहेछ । तर अहिले उहाँहरू १५ सयदेखि दुई हजारमात्र पाउनुहुँदो रहेछ,' उनले भनिन्, 'सप्लाइ कम्पनीले लिएर जाने र उनीहरूले पाउनुपर्ने पारिश्रमिक पनि नपाएको अवस्था देखें । यस्ता सप्लाई कम्पनीमा पठाउने म्यानपावरको जालो कस्तो छ, त्यसलाई राज्यले नियन्त्रण गर्नुपर्छ ।'



'सप्लाइ कम्पनीले लिएर जाने र उनीहरूले पाउनुपर्ने पारिश्रमिक पनि नपाएको अवस्था देखें । यस्ता सप्लाई कम्पनीमा पठाउने म्यानपावरको जालो कस्तो छ, त्यसलाई राज्यले नियन्त्रण गर्नुपर्छ ।

**रमा कोइराला पौड्याल**
प्रतिनिधिसभा सदस्य

आफूलाई भेट्न आउने नेपालीहरूले 'नेपालले समृद्ध नेपाल सुखी नेपाली भनेर नारा लगाएको छ । देश त समृद्ध होला तर हामी प्रवासमा बस्ने नेपालीहरू दुःखी नेपालीहरू हौं' भन्दा आफ्नो मन दुःखेको उनले बताएकी छन् ।

मलेसियामा श्रमिकहरू जोखिमपूर्ण र पीडादायी अवस्थामा काम गरिरहेको सांसद पौड्यालले बताइन् । यसरी काम गर्नेहरू कतिजना कोमामा होलान् भन्ने आफूलाई लागेको तर कोमामाचाहिँ नेपालीहरूलाई देख्न नपर्दा खुसी लागेको उनको भनाइ थियो । 'हाम्रो दुई-तीन तले घरभन्दा ठूलो मलको थुप्रोमा २० वर्षदेखि मल बोक्ने काम गरिरहेका छन् । यसले उनीहरूको शरीरमा हात, खुट्टामा घाउ भएको देख्दा झनै चिन्ता लागेको छ,' सांसद पौड्यालले भनिन्, 'एउटा पहेँलपुर भएको बिरामीलाई त दूतावासको गेटमा ल्याएर छोडिदिएको देखें । धन्न त्यहाँको अस्पतालको कोमामाचाहिँ श्रमिकहरू रहेन छन् ।'

सरकारले रोजगारीमा जाने सबै श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ । तर यहाँबाट कोषमा आबद्ध भएर गएको श्रमिकलाई मलेसियाको रोजगारदाताले कोषमा रकम जम्मा नगरिदिएको पाएको उनले बताएकी छन् । पौड्यालले हाम्रो सरकारको बार्गेनिङ पावर किन यति फितलो भन्दै प्रश्नसमेत गरिन् । रोजगारीमा जाँदा लाग्ने शुल्क, स्वास्थ्य परीक्षणजस्ता नाममा श्रमिकहरूले ठूलो आर्थिक भार खेप्ने गरेको उनको भनाइ छ ।

'स्वास्थ्य परीक्षणका नाममा मुलुकभित्रै सिण्डिकेट छ । त्यहाँ गएकालाई सप्लाई कम्पनीले काम दिन सकेन भने स्वास्थ्य परीक्षण गराएर फिट छैनस् भनेर नेपाल पठाइन्छ, उनी प्रश्न गर्छिन्, त्यतिखेर श्रमिकको कति खर्च हुन्छ ? सरकारले फ्रि भिसा, फ्रि टिकट भनेको छ तर श्रमिकहरूसँग तीनदेखि पाँच लाख रूपैयाँसम्म उठाइएको छ । सरकाले यो हेर्ने कि नहेर्ने ?' मलेसियामा हाल वैधानिक तवरले गएका करिब चार लाख नेपाली श्रमिक छन् ।


क्रमशः पृष्ठ २ मा






जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## केन्द्रीय...

**क्रियाशील नवीकरणको म्याद थप**

चौथोपटक म्याद थप गर्दा पनि क्रियाशील सदस्यता नवीकरण नभएपछि केन्द्रीय समितिले भदौ मसान्तसम्म म्याद थप गरेको छ । गत कात्तिक १४ गते सभापति देउवाले महामन्त्री थापाको संयोजकत्वमा केन्द्रीय सदस्यहरू सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली सदस्य रहेको समिति गठन गरेका थिए ।

उक्त समितिले चैत मसान्त, वैशाख १५, वैशाख मसान्त हुँदै जेठ मसान्त गरी क्रियाशील सदस्यता नवीकरण गर्ने समयसीमा पटक-पटक थप्दा पनि क्रियाशील सदस्यता विवरण जिल्लाले पठाएको छैन । महामन्त्री थापाले जम्मा पाँच जिल्लाले मात्र क्रियाशील सदस्यता नवीकरण पठाएको केन्द्रीय समिति बैठकमा बताएका थिए । बारा, डोल्पा र मुस्ताङ जिल्लामा क्रियाशीलको फाराम नै पुगेको छैन । अहिले पनि बर्खाको समय भएकोले भदौभित्र क्रियाशील सदस्यता नटुंगिने नेताहरू बताउँछन् ।

**स्थायी सरकारका लागि विश्वप्रक( ाशका पाँच प्रस्ताव**

स्थायी सरकारका लागि कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले पाँच प्रस्ताव पेस गरेका छन् । शर्माका अनुसार नेपालमा बितेको ७५ वर्षमा कोही पनि पूर्णकार्यकाल अर्थात् लगातार पाँच वर्ष प्रधानमन्त्री बन्न पाएनन् । यसैले संविधान संशोधन गर्दा केही नवीन दृष्टिकासाथ अघि बढ्नुपर्ने सुझाव अघि सारे ।

शर्माले निर्वाचनमा सबैभन्दा धेरै मत ल्याउने दलको नेता प्रधानमन्त्री बन्नुपर्ने र पूरै पाँच वर्ष विपक्षी दलले पनि उनैलाई समर्थन गर्नुपर्ने प्रस्ताव अघि सारे । 'आमनिर्वाचनमा प्रत्यक्षतर्फको सिट र लोकप्रिय मतको आधारमा बन्ने पहिलो दलले सरकारको नेतृत्व गर्ने र सरकार गठन गर्ने,' शर्माले अघि सारेको प्रस्तावमा भनिएको छ, 'अर्थात् दोस्रो/तेस्रो या अन्य दल पूरै अवधि सरकार बाहिर विपक्षमा बस्ने ।'

त्यसैगरी उनले पहिलो दललाई सामान्य बहुमत नपुगेको अवस्थामा अमेरिकी राष्ट्रपतीय प्रणालीअनुसार जित्नेले सबै लाने प्रणाली लागू गर्नसमेत प्रस्ताव गरे । 'पहिलो दललाई सामान्य बहुमत नपुगेको स्थितिमा 'विनर्स टेक अल' (जित्नेले सबै लग्ने) सिद्धान्तबमोजिम निर्वाचन अघि नै आयोगमा बुझाइएको विज्ञहरूको नामबाट अपुग सिट पहिलो दलले प्राप्त गर्ने,' उनको प्रस्तावमा भनिएको छ ।

यसैगरी पहिलो दलले संसदीय दलबाट चयन गरेको सांसद संसदीय दलको नेता हुँदै नेपालको प्रधानमन्त्री बन्ने व्यक्तिले मन्त्रिपरिषद्मा निश्चित संख्यामा विज्ञहरू सोझै ल्याउन पाउने व्यवस्था राखे अझ बलियो हुने बताए । यसरी कुनै पनि व्यक्ति दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्थासमेत संविधानमा राख्न शर्माको माग थियो ।

## देउवाको...

म छोड् भनेर छोड्ने मान्छे होइन । म अप्ठ्यारो मान्छे हो है !,' देउवाले शर्मालाई भने । देउवाको उक्त भनाइपछि कांग्रेसको बैठक कक्षमा हाँसोको फोहरा नै छुटेको थियो ।

बैठकको सपापनका क्रममा देउवाले नेकपा एमालेसँगको मिलीजुली सरकार २०८४ सालसम्मै जाने बताए । 'हामीले ओलीजीको पार्टी एमालेसँग गरेको सहकार्य ८४ सम्मै जान्छ,' देउवाले भने । एमालेसँग अघिल्लो असारमा सातबुँदे सहमति गरेर कांग्रेस सरकारमा गएको हो । संविधान संशोधनको विषयलाई मुल मुद्दा बनाएर केपी शर्मा ओली नेतृत्वको सरकारमा गएको कांग्रेसलाई यो मुद्दा छाडेको आरोप लाग्छ । तर देउवाले भने राष्ट्रिय सभामा बहुमत नपुगेको भन्दै यो विषय पन्छाउँदै आएका छन् । सोमबारको केन्द्रीय समितिमा पनि देउवाले यही ब्रिफिङ गरेका थिए ।

## सांसद...

त्यसपछि विधेयकको मस्यौदा तयार गर्ने राज्य व्यवस्था तथा सुशासन समितिमा रहेका सांसदहरूले नै छानबिनको माग गरेका थिए ।

संसद् बैठकदेखि संसदीय समिति बैठकमा सत्ता र विपक्षी दलका सांसदहरूले राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडा, समिति सचिव सुरजकुमार दुरा, संसद्का महासचिव पदमप्रसाद पाण्डेयलगायत जिम्मेवार रहेको औंल्याएका थिए । तर, आरोपितहरूले विधेयकमा भएको अनधिकृत हेरफेरमा संलग्नता अस्वीकार गरे । तर, सार्वभौम संसद्को उपहास हुनेगरी भएको अनधिकृत कार्यको छानबिन गर्न परेको दबाबबीच संसदीय समिति गठन भएको हो ।

समितिको पहिलो कार्यादेशमा छ- संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादम्य नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो सो सम्बन्धमा छानबिन गर्ने ।

यसबाहेक अनधिकृत हेरफेर गरिएको प्रतिवेदन तयार हुनुमा कसको कस्तो भूमिका छ भन्नेबारे छानबिन गर्न तथा उक्त त्रुटिमा कसैको संलग्नता देखिए के कस्तो कारबाही गर्ने र भविष्यमा त्यस्ता कमजोरी दोहोरिन नदिन अपनाउनुपर्ने सावधानीबारे सुझाव पेस गर्ने कार्यादेश छ ।

छानबिनको क्रममा समितिले आवश्यक परेमा विज्ञ तथा अन्य व्यक्तिको सहयोग लिन सक्ने भनिएको छ । यसमा प्रतिनिधिसभा बैठकले सोमबार सहमति दिएको छ । यससँगै सभामुख घिमिरेले समिति घोषणा गरे ।

सभामुखलाई प्रतिनिधिसभा नियमावलीको नियम १८० अनुसार विशेष समिति गठन गर्ने अधिकार छ । सोहीअनुसार गठित समितिको नेतृत्व कांग्रेसलाई दिने विषयमा सुरुमा रास्वपाको विमति थियो । विधेयक पारितका लागि संसद्मा पेस गर्ने राज्य व्यवस्था समिति सभापति खतिवडा कांग्रेसकै भएको र छानबिन गर्न गठित समिति संयोजक पनि कांग्रेस सांसद नै हुनु गलत भएको रास्वपाले कार्यव्यवस्था समिति बैठकमा जनाएको थियो । यद्यपि, समितिमा रास्वपाले सांसद पराजुलीको नाम पठायो र समिति गठन भयो ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारका अनुसार समितिलाई तोकिएको कार्यादेशमा पनि रास्वपाको असहमति छैन । 'सुरुमा हामीले समिति नेतृत्वबारे प्रश्न उठायौं । तर, पछि समितिको कार्यादेश हेरेपछि नेतृत्व स्वीकार्दै समितिमा रहने सदस्यको नाम पठायौं,' उनले भने ।

कुलिङ पिरियडको दुई वर्षे प्रावधानलाई निस्प्रभावी पार्नेगरी 'बाहेक' शब्द थपिएको निजामती सेवा विधेयक यतिबेला राष्ट्रिय सभामा पुगेको छ । त्यहाँबाट सच्चिन्छ कि सच्चिँदैन भन्ने अहिले आमचासोको विषय बनेको छ ।

उक्त विधेयक यही १५ असारमा प्रतिनिधिसभाबाट पारित भएको थियो । पारित विधेयकलाई सभामुख घिमिरेले १७ असारमै राष्ट्रिय सभा पठाएका थिए । राज्य व्यवस्था समिति सभापति खतिवडाले पनि विधेयकमा भएको अनधिकृत हेरफेर गरिएको प्रावधान सच्याउन राष्ट्रिय सभासमक्ष आग्रह गरेका छन् ।

सरकारले दुई वर्षअघि प्रस्तुत गरेको विधेयकमा भने कुलिङ पिरियडको प्रावधान थिएन । पछि समितिले थपेको हो । सरकारका मुख्यसचिवदेखि सचिवहरूले सेटिङमा राजीनामा दिने र राजकीय तथा संवैधानिक नियुक्ति लिने क्रम बढेपछि अवकाशप्राप्त भएको दुई वर्षसम्म नियुक्ति लिन नपाइने प्रावधान विधेयकमा राखिएको हो । यस्तो प्रावधानविरुद्ध मुख्यसचिव एकनारायण अर्याल, संसद्का महासचिव पदमप्रसाद पाण्डेयसँगै सचिवहरू छन् । प्रधानमन्त्री केपी शर्मा ओलीकोसमेत फरक मत थियो ।

तर, राज्य व्यवस्था तथा सुशासन समितिले दुई वर्ष कुलिङ पिरियड राखेको विधेयक पारित गरेको थियो । संसद्मा पेस गरेर पारित हुँदा भने कुलिङ पिरियडको प्रावधान नै कमजोर भएको देखिएको थियो । त्यहाँ 'बाहेक' शब्द थपिएको छ । सोही शब्दले संघीय निजामती सेवाका राजपत्रांकित विशिष्ट तथा प्रथम श्रेणीका कमर्चारीको निम्ति कतिपय आकर्षक मानिने नियुक्ति लिने बाटो खुला गरेको थियो ।

त्यहाँ भनिएको छ, 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमामात्र उक्त अवधिमा नियुक्ति लिन नहुने ।'

यही विषयले राज्य व्यवस्था समितिमा चर्को विवाद भयो । विवादकै कारण समितिका सचिव दुरा जिम्मेवारीबाट अलग्गिएका छन् । समिति सभापति खतिवडाले पनि छानबिन समितिले काम गरुञ्जेल सभापतिको हैसियतमा काम नगर्ने सार्वजनिकरूपमै बताउँदै आएका छन् । पार्टीले निर्देशन दिए सभापतिबाटै राजीनामा दिने पनि बताएका छन् ।

## न्यून पारिश्रमिकमा...

उनका अनुसार यसमध्ये एक हजार ३१३ जना महिला रहेका र उनीहरू उत्पादन क्षेत्रमा काम गरिरहेका छन् । त्यहाँ रहेको दूतावासले सीमित साधन स्रोतका बाबजुद पनि काम गरिरहेको उनको भनाइ छ । 'राजदूतावासमा २१ जना कर्मचारी हुनुहुन्छ । चार लाखभन्दा बढी वैधानिक र त्यसबाहेकका अवैधानिकरूपमा बसेका श्रमिकको सुरक्षाका लागि रात दिन खट्नुभएको छ,' पौडेलले भनिन्, 'प्रत्येक दिन बिरामी आइरहने रहेछन् । म दुई-तीन दिन गेटमा बसेर हेर्दा उनीहरूलाई अस्पतालसम्म पुऱ्याउनुपर्दो रहेछ । दूतावासले त्यो काम गरिरहेको छ ।'

दूतावासमा एक जना वकिल र डाक्टर थप गर्न उनले अर्थमन्त्रीलाई आग्रह गर्दै यसले त्यहाँका कर्मचारीले राहत मिल्ने बताइन् । साथै, नेपालमाजस्तै त्यहाँ पनि मिटरब्याजी रहेकाले हाम्रा श्रमिकहरूलाई मिटरब्याजीबाट कसरी जोगाउने भन्ने विषयमा छलफल गर्न आवश्यक रहेको विषयसमेत सांसद पौडेलले उठाइन् ।

# लम्पी स्किनबाट पशु संक्रमित हुँदा किसान समस्यामा

**ताप्लेजुङ (प्रस)–** ताप्लेजुङका छ स्थानीय तहमा लम्पी स्किन रोगको संक्रमण फैलिएको छ । भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका अनुसार जिल्लाका नौ मध्ये छ वटा स्थानीय तहका पशुचौपायामा संक्रमण देखिएको हो ।

केन्द्रका प्रमुख डा. रोशन दाहालका अनुसार हालसम्म ३४ पशुवस्तुमा लम्पी स्किनको संक्रमण पुष्टि भएको छ । संक्रमण सिदिङ्वा गाउँपालिकाका-२, मेरिङदेनका १०, सिरिजंगाका पाँच, फक्ताङलुङका दुई, फुङलिङ नगरपालिकाका सात र आठराई त्रिवेणी गाउँपालिकाका आठ पशुवस्तुमा देखिएको छ । सुरुमा फुङलिङ नगरपालिका-१० फुरुम्बु र वडा नं ७ तथा ८ दोखुमा देखिएको थियो । लक्षण देखिएपछि पशुपालकको सूचनाका आधारमा नमूना संकलन गरी परीक्षणका लागि पठाइएको थियो । जिल्लाको मिक्वाखोला, पाथीभरा याङवरक र मैवाखोला गाउँपालिकामा भने हालसम्म संक्रमण नदेखिएको जनाएको छ ।

संक्रमण पुष्टि भएपछि सम्बन्धित स्थानीय तह, भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र अन्य सम्बन्धित निकायले संक्रमण नियन्त्रणका लागि रोकथाम उपाय अपनाएका छन् । हालसम्म चार हजार ७५० डोज लम्पी स्किनविरुद्धको खोप वितरण भइसकेको बताइएको छ । संक्रमण फैलिन नदिनका लागि पशुपालकलाई सतर्क रहन र पशुमा लक्षण देखिएमा तत्काल जानकारी गराउन आग्रह गरिएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/२४**

**न्यु पुष्पान्जली आयाल ट्रेडर्स प्रा.लि.**को मिति २०८१/०७/२४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जय बागेश्वरी आयल प्रा.लि. (प्रा.लि. नं.: १०६१७१)** कायम गर्ने गरी मिति २०८१/०८/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रार कार्यालयको हक दावी गर्न आउने बारेको सूचना**

*प्रकाशित मिति : २०८२/०३/२४ गते*

यस कार्यालयमा मिति २०७८/०५/२० मा दर्ता भएको प्रा.लि.नं.२७०५३१ को **सञ्जीनिती कन्सल्ट्यान्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिनभित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रार कार्यालयको हक दावी गर्न आउने बारेको सूचना**

*प्रकाशित मिति : २०८२/०३/२४ गते*

यस कार्यालयमा मिति २०७७/०५/२४ मा दर्ता भएको प्रा.लि.नं.२४१२५४ को **ब्रम्हरहु सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिनभित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ७५ असार २३ गते २०८२ मा प्रकाशित **Swift H.R. Solution Pvt.ltd** को **Lspmk Technical Services Llc** कम्पनीको Lot No. 326811 विज्ञापनमा मेनपावरको नाम **Swift H.R. Solution Pvt.ltd** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**युएइमा रोजगार**

कम्पनी : IMDAAD L.L.C. (UAE)

पूर्व स्वीकृति मिति : २०८०/११/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२३ | LT. No. 300044 | चलानी नं. ६०२१४९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1200 | ४४,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sewerage helper | 50 | 0 | 1200 | ४४,६३५ | | | | | | | |

कम्पनी : AL FURSAH ALAKHIRAA CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२३ | LT. No. 312586 | चलानी नं. ६०२२७०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 12 | 800 | २९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, २४ असार, २०८२

| | |
|---|---|
| **मेष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **वृष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मिथुन** | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| **कर्कट** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **तुला** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **वृश्चिक** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **धनु** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **मकर** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ असार , २०८२ (०८ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.३४ | १३६.९४ |
| युरो | १ को | १६०.५९ | १६१.३० |
| पाउन्ड स्टिर्लङ | १ को | १८६.१५ | १८६.९७ |
| स्विस फ्रेन्क | १ को | १७१.७० | १७२.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.३४ | ८९.७४ |
| क्यानाडियन डलर | १ को | १००.२२ | १००.६७ |
| सिङ्गापुर डलर | १ को | १०६.९८ | १०७.४५ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.०३ | १९.११ |
| साउदी अरब रियाल | १ को | ३६.३६ | ३६.५२ |
| कतारी रियाल | १ को | ३७.३० | ३७.४७ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१२ | ३७.२८ |
| मलेसियन रिङेट | १ को | ३२.३० | ३२.४४ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १४.२६ | १४.३२ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६२ |
| हङकङ डलर | १ को | १७.३७ | १७.४४ |
| कुवेती दिनार | १ को | ४४७.१६ | ४४९.१३ |
| बहराइन दिनार | १ को | ३६१.६४ | ३६३.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तराईको खानेपानी र सिँचाइ समस्याबारे सरकारको ध्यानाकर्षण

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभा सदस्य रामकृष्ण यादवले तराई मधेसमा खानेपानी र सिँचाइको समस्या जटिल बन्दै गएकातर्फ सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा उनले सिँचाइको व्यवस्था नहुँदा आकाशेपानीको भर पर्नुपरेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद यादवले तराई मधेस अन्नको भण्डार भएको उल्लेख गर्दै उनले स्यालो ट्युबेल, पम्पिङ सेट, सिँचाइका मर्मतसम्भार, नदी नाला र बाँध बाध्ने व्यवस्थाका लागि आग्रह गरे । उनले तराईका कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध नहुँदा कृषि उत्पादकत्व र उत्पादनमा असर गरिरहेको भन्दै ध्यानाकर्षण गराए ।

'असार महिना सकिन लाग्दासमेत तराई मधेसमा २५ प्रतिशतमात्र रोपाइँ भएको छ । सिँचाइमा ध्यान नदिए अन्नको हाहाकार हुनसक्छ,' उनले भने, 'खानेपानीको पनि धेरै समस्या छ । २५० फिटसम्म गहिराइबाट पानी तान्नुपर्ने अवस्था छ । कतिपय ठाउँमा ४५० फिटसम्म खन्दा पनि पानी आउन छाडेको छ ।'

विशेष समयमा जनमत पार्टीका सांसद अब्दुल खाँनले नेपालगञ्ज जमुनाह नाका, रूपैडिहामा आवातआवतमा सहज बनाउन आग्रह गरे । 'सीमामा भारतीय शसस्त्र प्रहरी बल (एसएसबी) ले नेपालीलाई घन्टौंसम्म उभ्याउने काम भएको छ । घरेलु प्रयोगका लागि सामान ल्याउँदासमेत नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट सामान जफत भइरहेको छ,' सांसद खानले भने ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले कृषकलाई समयमा सिँचाइ र मल उपलब्ध गराउन सभामुखमार्फत सरकारसँग माग गरे । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले चोभार गल्छीलाई मास्न नहुने र साविकबमोजिम नदी चौडा गर्न सुझाव प्रस्तुत गरे । उनले चिकित्सकको आन्दोलनबारे ध्यानार्कषण गराउँदै कृषकलाई मल उपलब्ध गराउनुका साथै डेंगी नियन्त्रणका लागि सचेत गराए ।

आम जनता पार्टीका सांसद प्रभु साहले सुरक्षा निकायका सिपाहीलाई घरेलु काममा लगाइएको भन्दै आपत्ति जनाए । उनले यसबारे संसदीय छानबिन गर्नसमेत माग गरे । 'सुरक्षा निकायका तल्लो दर्जाका सिपाहीलाई घरेलु कामदारमा लगाइएको छ । देश र जनताको सेवा सुरक्षा गर्छु भनेर सुरक्षा निकायमा प्रवेश गरेकाहरूलाई नेता र उच्च ओहदाका प्रहरीकै घरमा काम गर्न लगाइएको छ,' उनले भने, 'गृहमन्त्रीलाई सोध्न चाहन्छु, तपाईंहरूको कमाण्डमा सुरक्षा निकाय छ कि छैनन् ? कानुनअनुसार सरकार चल्छ भने यो किन भइरहेको छ ?'

विशेष समयमा सांसद योगेन्द्र मण्डलले रासायनिक मलको वितरणबारे सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले वीरगञ्जको भन्सार र तातोपानी भन्सारमा मल खेर गएको भन्दै त्यसबारे छानबिन गर्न माग गरे । यस्तै, नेकपा एमालेका सांसद दामोदर पौडेलले प्रदेश र स्थानीय सरकारले फेवाताल क्षेत्राधिकारसम्बन्धी विवादबारे ध्यानार्कषण गराए । उनले पानीको क्षेत्र, हरियाली र सिमसार क्षेत्र कति हो भन्ने यकीन नगरीकन पिलर गाड्ने काम गर्न नहुने बताए ।

# विपद् व्यवस्थापनमा तीन तहकै सरकारबीच सहकार्यमा जोड



■ प्रभाव संवाददाता

**काभ्रे–** बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीन तहकै सरकार एकजुट भएर लाग्नुपर्नेमा जोड दिएका छन् ।

धुलिखेलमा सोमबार आयोजित काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछापका जिल्ला सुरक्षा समितिसँगको समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै उनले तीन तहका सरकारको सहकार्यमा जोड दिएका हुन् । प्रदेशभित्र हुनसक्ने विपद्को आकलन र जोखिम न्यूनीकरणको पूर्वतयारी गरिएको उनको भनाइ छ ।

मन्त्री लामिछानेले जिल्ला सुरक्षा समितिहरूलाई शान्ति सुरक्षा सुदृढ गर्न र विपद्मा संवेदनशील भई काम गर्न निर्देशन दिए । विपद् जुनसुकै बेला आइपर्ने हुँदा सबै संयन्त्र तयारी अवस्थामा रहनुपर्नेमा उनको जोड थियो ।

मन्त्री लामिछानेले प्रदेश सरकारले हालसम्म ७२ प्रहरी भवन निर्माण गरेको जानकारी दिए । प्रदेश प्रहरीको दरबन्दी व्यवस्थापन र थप गर्न नेपाल सरकारसमक्ष पहल गर्ने प्रतिबद्धतासमेत उनले जनाए ।

बैठकमा चारवटै जिल्लाका जिल्ला सुरक्षा समितिको तर्फबाट विपद् जोखिम न्यूनीकरणका लागि गरिएको तयारी र चुनौती प्रस्तुत गरेका थिए । मन्त्री लामिछानेले प्रदेश सरकारबाट आवश्यक सबै सहयोग हुने उल्लेख गर्दै विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने कार्यलाई प्रभावकारी बनाउन चारवटै समितिका प्रमुखहरूलाई निर्देशन दिए ।

# सर्वोच्च अदालतमा तीन न्यायाधीश नियुक्त



**काठमाडौं (प्रस)-** राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतमा तीन जना न्यायाधीश नियुक्त गरेका छन् । न्याय परिषद्को सिफारिसका आधारमा सोमबार उनीहरूलाई नियुक्त गरेका हुन् ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापालाई सर्वोच्चको न्यायाधीश नियुक्त गरिएको हो । संविधानको धारा १२९ को उपधारा (२) बमोजिम राष्ट्रपति पौडेलले उनीहरूलाई सर्वोच्चको न्यायाधीश नियुक्त गरेको विज्ञप्तिमा उल्लेख छ ।

यसअघि सोमबार नै संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतका प्रस्तावित तीन न्यायाधीश र न्याय परिषद्को सदस्यको सुनुवाइ अनुमोदन गरेको थियो । समितिले न्याय परिषद् सदस्यमा प्रस्तावित महेशकुमार नेपालको नाम पनि अनुमोदन गरेको थियो । प्रस्तावित न्यायाधीश र सदस्यको अवधारणा र सोच तथा प्राप्त उजुरीमाथि छलफल गरी समितिले सर्वसम्मतरूपमा उनीहरूको नाम अनुमोदन गरेको समितिकी सहसचिव निर्मलादेवी लामिछाने वस्तीले जानकारी दिइन् ।

यसअघि समितिले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियासँग न्यायाधीश तथा संवैधानिक निकायमा हुने नियुक्तिलाई समावेशी तुल्याउने विषयमा ध्यान दिन सुझाव दिएको थियो । त्यस अवसरमा मन्त्री चौरसियाले न्यायालय र संवैधानिक निकायमा हुने नियुक्तिलाई समावेशी बनाउन संसद्ले लिएको सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# त्रिविको उपकुलपतिमा तीन जनाको नाम सिफारिस

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयको उपकुलपति पदका लागि तीन जनाको नाम सिफारिस गरिएको छ । रिक्त उपकुलपति सिफारिस गर्न गठित समितिले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष उक्त नाम प्रस्ताव गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको संयोजकत्वको सो समितिले प्रधानमन्त्री एवं कुलपति ओलीसमक्ष ती नाम सिफारिस गरेको हो । सिफारिस भएकाहरूमा वर्णानुक्रमअनुसार हालका निमित्त उपकुलपति प्र.डा. खड्ग केसी, त्रिविको विज्ञान संकायका पूर्वडीन प्रा.डा. विनिल अर्याल र जल तथा मौसम केन्द्रीय विभागका पूर्वप्रमुख प्रा.डा. दीपक अर्याल रहेका छन् ।



उपकुलपति प्रा.डा. केशरजंग बरालले दिएको राजीनामा गत चैत २८ गते स्वीकृत भएपछि गत चैत ३१ गते कुलपति ओलीले शिक्षाध्यक्ष केसीलाई पदपूर्ति नभएसम्मका लागि बढीमा तीन महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिएका थिए ।

कुलपति ओलीले गत जेठ ६ गते शिक्षामन्त्री पन्तको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य र शिक्षा मन्त्रालयका सचिव रहेको सिफारिस समिति गठन गरेका थिए ।

# जनआन्दोलनका घाइतेको समस्या सम्बोधन गरिने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सशस्त्र संघर्ष, जनआन्दोलन तथा मधेस आन्दोलनका घाइतेको उपचारमा सहज हुने निर्णय गरेका छन् ।

द्वन्द्वपीडित तथा भूकम्पमासमेत घाइते भएकाहरूको उपचार सरकारी कोषबाट भइरहे पनि बजेट अभाव तथा पूर्णउपचार हुन नसकेपछि मन्त्री पौडेलले सबै उपचार समेट्नेगरी अस्पतालहरूलाई सोधभर्ना दिने कार्यविधि स्वीकृत गरेका हुन् । अब सबै खालका आन्दोलनका घाइते, द्वन्द्वपीडित तथा भूकम्पका घाइतेहरूको उपचारसँगै अंग प्रत्यारोपण वा सहयोग सामग्री आवश्यक भएमा व्यवस्था हुने जनाइएको छ । अंगभंग भएकाहरूलाई कृत्रिम अंग समेत प्रदान गरिने कार्यविधिमा उल्लेख छ ।

घाइतेहरूको देशभरका सरकारी तथा सामुदायिक अस्पतालहरूमा उपचार हुने छ । कार्यविधिले उपचारपश्चात् अस्पतालहरूलाई भुक्तानी सहज बनाउने अपेक्षा गरिएको छ । यसअघि उपचार हुँदै आए पनि बजेट निश्चित नहुँदा उपचारमा समस्या तथा अस्पतालहरूलाई समस्या परेको गुनासो आउने गरेको थियो ।

यस वर्ष मन्त्रालयले घाइतेहरूको उपचारका लागि बेग्लै बजेट विनियोजन गरेको छ । बजेट तथा उपचारको सीमितताका कारण समस्या भोगेकाहरूको समस्या सदाका लागि सम्बोधन हुनेगरी कार्यविधि निर्माण गरिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कार्यविधि स्वीकृत भएपछि घाइतेहरूको उपचारमा लामो समयदेखि देखिएको समस्या समाधान हुने बताए ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ६८ असार १६ गते २०८२ मा प्रकाशित **Pari Overseas Pvt. Ltd.** को **Paimantech Glass & Aluminum Installation & Maintenance Co. L.L.C** कम्पनीको Lot No. 326313 विज्ञापनमा **Power Tool Technician** पदको पुरुष कामदारको संख्या २ तथा महिला कामदारको संख्या ० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448,
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०१।२३ गते का.म.न.पा वडा नं. १६, चियान घाट स्थित पार्किङ गरिराखेको कालो, निलो रङ्को Pulsar 220 cc मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : डिल बहादुर तामाङ
बाइक नं.: बा.प्र. ०३-०५६ प ९७११
च्यासिस नं.: MD2A13EX35CM81088
इन्जिन नं. : DKXC5L 11255
ठेगाना : विदुर-१३, नुवाकोट
सम्पर्क: ९८६२४५५७९३

## युएइमा रोजगार
कम्पनी : PROSCAPE LLC
पूर्व स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 326882 | चलानी नं. ६०२४०८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 50 | 0 | 800 | २९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Farm Worker | 50 | 0 | 800 | २९,७५५ | | | | | | | |
| 3 | Garden Worker | 50 | 0 | 800 | २९,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162, 985-1080742, 9851217719
श्रम इजाजत नं. ५६७/०६२/०६३

## साउदीमा रोजगार
कम्पनी : WATER SPORTS Club Est
पूर्व स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 326898 | चलानी नं. ६०२४०८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloding Worker | 14 | 0 | 1000 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : KEY FACILITIES MANAGEMENT INTERNATIONAL SAUDIA COMPANY ONE PERSON
पूर्व स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 326897 | चलानी नं. ६०२४०८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 15 | 0 | 1100 | ४०,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार
कम्पनी : Al Samer Shiny Car Polishing Establishment
पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326679 | चलानी नं.६०२४०८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 2 | 0 | 1200 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Sameem beans Est for Drinks
पूर्व स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 326909 | चलानी नं.६०२४०८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1200 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Os Eight Company Limited
पूर्व स्वीकृति मिति : २०८२/03/२२ | LT. No. 326770 | चलानी नं.६०२४०८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Turkish institution Matar Rashid Al Dhafiri provides beverages
पूर्व स्वीकृति मिति : २०८२/03/१९ | LT. No. 326664 | चलानी नं.६०२४०८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## MAURITIUS मा रोजगार
कम्पनी : JIANGXI CONSTRUCTION INTERNATIOAL ENGINERING CO LTD
पूर्व स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 326735 | चलानी नं. ६०२४०८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbender | 19 | 0 | 22300 | ६७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 73 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 3 | Electrician. | 4 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 4 | Heavy Drivers | 7 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 5 | Masons | 62 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 6 | Mechanics | 2 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 7 | Operators | 4 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 8 | Plumber | 4 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 9 | Scaffolder | 9 | 0 | 22300 | ६७,७८० | | | | | | | |
| 10 | Welder | 2 | 0 | 22300 | ६७,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## जापनमा रोजगारको अवसर
कम्पनी : FUAN ENTERPRISE CO OPERATIVE SOICETY
पूर्व स्वीकृति मिति २०८१/0२/04 | पुन: विज्ञापन स्वीकृति मिति २०८२/03/२३ | LT. No. 304529 | चलानी नं. ६०२४०८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Architectural Sheet Metal | 3 | 0 | 161762 | १५२३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

कम्पनी : FUAN ENTERPRISE CO-OPERATIVE SOCIETY
पूर्व स्वीकृति मिति २०८१/0१/१३ | पुन: विज्ञापन स्वीकृति मिति २०८२/03/२३ | LT. No. 303655 | चलानी नं. ६०२१८६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 161762 | १५२३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३१ गते (15th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धी व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ३०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Lions International Nepal Pvt. Ltd.
Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587
Email ID: lions.manpower@gmail.com, lions@mail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अस्पताल ठप्प नपार

अहिले अस्पतालको उपचार बन्द गरेर चिकित्सक आन्दोलनमा उत्रिएका छन् । कतिसम्म भने सरकारी अस्पतालमा काम गर्ने चिकित्सक हाजिर गरेर निजी क्लिनिकतिर दौडने प्रवृत्ति यस्तो बेला छर्लंगै देखिन्छ । खासमा उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर असहमति जनाउँदै नेपाल चिकित्सक संघले देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरेका हुन् ।

उपभोक्ता अदालतले ओम अस्पतालले ५० लाख ७० हजार रूपैयाँ, हिमाल अस्पताल र उपचारमा संलग्न चिकित्सकले एक करोड ४५ लाख रूपैयाँ र ग्राण्डी सिटी अस्पताल र त्यहाँ उपचारमा कार्यरत चिकित्सकले ५७ लाख रूपैयाँ क्षतिपूर्ति बिरामी पक्षका परिवारलाई तिर्नुपर्ने फैसला गरेको थियो ।

नेपाल मेडिकल काउन्सिलले दोषी नदेखेको घटनामा उपभोक्ता अदालतले उल्टचाइदिएको हो । यसैको विरोधमा देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई यही असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आग्रह गरेको थियो । सोमबारबाट भने आकस्मिकबाहेकका सेवा ठप्प पारेको हो । खासमा चिकित्सकलाई सेतो बर्दीधारी भगवान् भनिन्छ । तर उनीहरूले ओपिडी सेवा बन्द गरेर हड्ताल गर्दा दिनमा चार लाखभन्दा बढी बिरामी उपचार सेवाबाट वञ्चित हुन्छन् ।

बिरामीलाई बचाएकै कारण भगवान् भनिए पनि डाक्टर मानिस हुन् । उसले आफूले जानेको बुद्धि, औषधि र प्रविधि प्रयोग गरी बिरामीको उपचार गर्ने हो । यस्तो क्रममा मानवीय त्रुटि पनि हुन सक्छ । बिरामी समयमै अस्पताल नपुग्दा पनि निको नहुन सक्छ । यस्तो विषयमा उपभोक्ता अदालतले पनि लहडकै भरमा डाक्टरमाथि चर्को जरिवाना तोक्न हुन्न । एक त डाक्टर पढ्दाको खर्च, अर्को तलबमा धान्नुपर्ने जीवन, यस विषयमा पनि उपभोक्ता अदालतले विशेष ख्याल गर्नैपर्छ ।

अर्को विषय भनेको चिकित्सा पेसा अत्यन्त संवेदनशील, वैज्ञानिक र नैतिक सेवाको पेसा हो । यसलाई अन्य व्यवसायजस्तो मूल्यांकन गरी निर्णय गरिनु ठीक होइन । चिकित्सकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्नु सरकारको काम हो भने चिकित्सकहरूले पनि अब सावधानीपूर्वक काम गर्नुपर्ने बेला आइसकेको छ । अहिले विशेषगरी अस्पतालहरूले शिक्षण अस्पतालको चिकित्सक प्रयोग गर्ने अर्धदक्ष चिकित्सक प्रयोग गर्दा पनि यसखालको घटना हुने आशंका गर्दै आएको छ । यसैले पनि यी विषयमा दुबै सबै पक्षले ध्यान दिएर उपभोक्ता अघि बढे चिकित्सा क्षेत्र पनि सुधार हुँदै जाने छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# नेपाली महिला फुटबलका लागि अविस्मरणीय खेल



■ राजु सिलवाल

> एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ । तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिकजस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुंगिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ । लगातार तीनवटै खेलमा नेपालले आफूलाई बलियो टोलीका रूपमा मैदानमा उतार्नु मुलुककै फुटबल इतिहासमा गौरवको विषय हो ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले उज्वेकिस्तानको तासकान्दमा सम्पन्न एएफसी महिला एसिया कप छनोट प्रतियोगितालाई कहिले बिर्सन नसक्ने प्रतियोगिताका रूपमा लिएको छ । टोलीका सदस्यहरूलाई फुटबल खेलबाट सन्यास लिइसकेपछि पनि सो प्रतियोगिताको नतिजाले पिरोलिरहने नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को भनाइ एकदमै मार्मिक छ । फुटबल मैदानमा सधैं दृढ देखिने साम्बालगायतका खेलाडीले उज्वेकिस्तानविरुद्धको खेल समाप्त भएपछि मैदानमै आँसु खसालेको देखेपछि नेपाली फुटबलप्रेमीहरूले नरमाइलो मानेका थिए ।

सोमबार स्वदेश फर्कंदासमेत महिला फुटबल टोलीका सदस्यहरूको अनुहारमा खुसी थिएन । सो टोलीका प्रशिक्षकहरूले पनि यो दुःखद क्षणलाई आगामी दिनमा पनि पक्कै बिर्सने छैनन् । नेपाली महिला फुटबल टोलीका लागि यो जत्तिको ठूलो प्रतियोगिता केही थिएन । यो अवसरलाई नेपाली टोलीले सही तरिकाले उपयोग गरेको थियो । सन् १९८६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आएको नेपाली महिला फुटबल टोलीले १००औं प्रतियोगिताका सिलसिलामा सबैभन्दा आक्रमक खेल खेल्दै हालसम्मकै सर्वाधिक गोल गर्न सफल भएको थियो । नेपाली महिला फुटबल टोलीको फाइटिङ स्पिरिटको सकारात्मक सन्देश सबैतिर फैलिएको छ । अन्तिम खेलमा उज्वेकिस्तानलाई कडा चुनौती दिँदा नेपाली टोली पेनाल्टी सुटआउटमा चुकेको थियो । नेपाल सम्भावित विजेताको अवसरबाट वञ्चित हुन पुग्यो । यसले नेपालको महिला फुटबलको आगामी मार्गसमेत अवरोध हुन पुग्यो ।

अखिल नेपाल फुटबल संघले खेलको नतिजा चाहेको जस्तो नभएको जनाएको छ । संघले सबैको सहयोगको कदर पनि गरेको छ । नेपाली टोलीकी स्ट्राइकर प्रीति राईले नेपालको पराजयपछि सामाजिक सञ्जालमार्फत सबैसँग माफी मागेकी छन् । धेरै प्रयास गर्दासमेत खेलमा विजयी हुन नसकेको भन्दै उनले नेपाल पराजित भएकामा माफी मागेकी हुन् । नेपाली राष्ट्रिय फुटबल टोलीकी पहिलो कप्तान रमा सिंहको धारणा बेग्लै छ । उनले नेपाली महिला टोलीले खेल नहारेको धारणा व्यक्त गर्दै खेलको स्तर जितभन्दा माथि भएको बताइन् ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेले आफ्नो नियुक्तिपछिको पहिलो जिम्मेवारीमै नेपाली महिला टोलीको खेलमा अत्यधिक सुधार गरेको स्पष्ट महसुस गराएका थिए । उनले खेलाडीहरूलाई किन सकिन्न र ? भन्दै उत्पेरित गर्ने गरेका थिए । नेपाली खेलाडीहरूले तीनवटा खेलमा क्रमशः सुधार गर्दै लगेको देखिएको थियो । यसमा मुख्य प्रशिक्षकको भूमिका महत्त्वपूर्ण मानिएको छ । मुख्य प्रशिक्षकले मैदानमा होस् वा ड्रेसिङ रुममा दिएको जिम्मेवारी र सिकाएको शैलीलाई खेलाडीहरूले पछ्याएका थिए । उज्वेकिस्तानसँग तीन गोलले पछि पर्दा पनि नेपालले गोल फर्काउन सक्नु सानो उपलब्धि होइन । तर पेनाल्टीमा चुक्नु नेपालका लागि दुर्भाग्य बन्न पुग्यो । गोल मेसिनका रूपमा सशक्त खेलाडी बनेर प्रशंशाको पात्र बनेकी कप्तान साम्बाले प्रहार गरेको पेनाल्टी बल दुर्भाग्यबस गोल पोस्टको पोलमा लागेर फर्कनु, आफ्नो टोलीमा प्रीति राई र रेखा पौडेलजस्ता स्कोरर हुँदाहुँदै प्रशिक्षकले गोलकिपर अञ्जना रानामगरलाई पेनाल्टी प्रहार गर्ने अवसर दिनुजस्ता कारणले नेपालको आगामी अस्ट्रेलियाको यात्रा टुंगिन पुगेको कुरालाई नकार्न सकिन्न ।

## गोलकिपरलाई दबाब

मुख्य प्रशिक्षकले अञ्जना रानामगरलाई लगातार तीन खेलमा खेलाउँदा उनलाई पक्कै दबाब परेको थियो । यस्तो अवस्थामा गोलकिपर नर्भस हुनु स्वाभाविक थियो । यसअघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा एञ्जिला तुम्बापो सुब्बाले गोलकिपरको रूपमा नेपालको प्रतिनिधित्व गर्नुका साथै गोल बचाउने सन्दर्भमा पनि नाम कमाएकी थिइन् । खेलको ख्यातीकै कारण उनको जीवनीमा आधारित 'अञ्जिला' नामक चलचित्र निर्माण गरी उनलाई अभिनेत्रीका रूपमा ख्यातीप्राप्त सिनेमा निर्देशक निर्मल चाम्सले डेब्यु गराएका थिए । तासकान्दको प्रतियोगितामा मुख्य प्रशिक्षकले एञ्जिलालाई कप्तानबाट हटाउनुका साथै लगातार तीन खेलमा जगेडा गोलकिपरका रूपमा बेञ्चमा राखेका थिए । शनिबारको महत्त्वपूर्ण खेलमा प्रशिक्षकले नेपाली गोलकिपरका बारेमा ध्यान दिएको भए नतिजा सकारात्मक आउने थियो भन्नेहरू पनि छन् । रक्षात्मक पक्षका खेलाडीहरूले गोल पोस्ट जोगाउन नसक्नु, गोलकिपर अञ्जनाले सम्भावित गोलको आकलन गर्न नसक्नु, बल प्रहार हुँदा ढिलो ड्राइभ गर्नुजस्ता कारणले गोल भएका थिए । पेनाल्टी प्रदर्शन अति नै महत्त्वपूर्ण थियो । यस्तो निर्णायक पेनाल्टी सुटआउटमा नेपालले चारमध्ये दुईमात्र पेनाल्टी गोल गर्न सक्नु दुर्भाग्य हुन पुग्यो ।

## साम्बाको सफलता

साम्बालाई कप्तानको जिम्मेवारी दिँदा पहिले बिबाद पनि भएको थियो । कप्तानको जिम्मेवारी पाएपछि आफू तीनवटै खेल खेल्नुअघिको राति सुत्न नसकेको स्वयं साम्बाले स्विकारेकी छन् । एघार वर्ष महिला फुटबलमा बिताएकी साम्बाले यति ठूलो दबाब कहिल्यै पनि बेहोरेकी थिइनन् । उनी टोलीका सबै खेलाडी कप्तान भएको मान्दछिन् । सबैको सहयोगमा उनको नेतृत्वमा टोलीले नतिजा हासिल गर्न सफलता प्राप्त गरेको थियो । नेपाली राष्ट्रिय महिला टोलीको पहिलोपटक नेतृत्व गर्ने जिम्मेवारी पाएकी साम्बाले नेपाललाई एसिया कपमा प्रवेश गराउन नसके पनि नेपाली टोलीलाई सशक्त टोलीका रूपमा मैदानमा उतार्न सक्नु उनको सफलता मान्न सकिन्छ । तासकान्दमा खेलेका तीनवटै खेलमा नेपालले विपक्षी टोलीहरूलाई कडा चुनौती दिएको थियो । विश्व वरीयताका क्रममा ५१औं स्थानमा रहेको उज्वेकिस्तानलाई १००औं स्थानमा रहेको नेपालले रक्षात्मक वा आक्रामक दुवै पंक्तिकातर्फबाट यथोचित् प्रतिस्पर्धा गरेको थियो । कप्तान साम्बाले यसपालि तीनवटै खेलमा ह्याट्रिक गरेर कीर्तिमान कायम गरेकी थिइन् । उनले अन्तिम दिनको खेलमा २४औं, ७१औं र ७३औं मिनेटमा लगातार तीन गोल गरेर प्रतियोगितामा तेस्रो ह्याट्रिक गरेर आफूलाई विश्वकै अब्बल दर्जाको खेलाडीका रूपमा परिचित गरेकी छन् ।

## मौसमीको चुनौती

नेपाली खेलाडीहरूका लागि उज्वेकिस्तानको मौसम पनि चुनौती बन्न पुगेको थियो । अत्यधिक गर्मीका कारण पहिलो खेलमा ज्यादै कठिन महसुस गरेका नेपाली खेलाडीहरू दोस्रो तथा तेस्रो खेलसम्म आइपुग्दा विस्तारै अभ्यस्त हुँदै गएका थिए । खेल अवधिमा रेफ्रीले खेल बीचैमा रोकेर 'कुलिङ ब्रेक' दिने गरेका थिए । तापक्रम बढी भएको अवस्थामा खेल्नु पक्कै पनि सहज हुँदैन । यस्तो अवस्थामा रेफ्रीले खेल बीचैमा केही बेर रोकेर खेलाडीलाई पानी खाने समय दिन कुलिङ ब्रेक दिने नियम छ । यसले खेलाडीहरूको शरीरको तापक्रम नियन्त्रण गर्न सहयोग गर्दछ । तापक्रम ३२ डिग्री सेल्सियस पुगेपछि अत्यधिक तातो मानिन्छ । तापक्रम अत्यधिक बढेको अवस्थामा खेलाडीको सुरक्षाका लागि कुलिङ ब्रेक आवश्यक पर्दछ । उज्वेकिस्तानमा अहिले गर्मी मौसममा तापक्रम बढी भएकाले तातो र सुख्खा हुने गरेको छ । त्यो मुलुकमा सबैभन्दा बढी तापक्रम जुलाई महिनामा हुने गरेको छ । उज्वेकिस्तानका धेरै सहरमा यस महिनामा औसत दैनिक तापक्रम ३५ डिग्री सेल्सियस पुग्ने गरेको छ । तर जाडोयाममा भने अत्यधिक चिसो भई तापक्रम माइनस एक डिग्री सेल्सियसदेखि माइनस तीन डिग्री सेल्सियससम्म झर्ने गर्दछ । एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ । तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिकजस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुंगिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ ।

उत्कृष्ट लयमा रहेको नेपाली महिला राष्ट्रिय फुटबल टोलीले पनि रक्षात्मक हुन वा आक्रामक खेलको माध्यमबाट विपक्षीहरूलाई कडा चुनौती दिँदै बलियो उपस्थिति जनाएको थियो । लगातार तीनवटै खेलमा नेपालले आफूलाई बलियो टोलीका रूपमा मैदानमा उतार्नु मुलुककै फुटबल इतिहासमा गौरवको विषय हो । यसअघि नेपालले लाओसलाई ९-० गोलअन्तरले तथा श्रीलंकालाई ८-० गोलअन्तरले पराजित गर्दै आफ्नो टोली बलियो भएको प्रमाणित गरेको थियो ।

समग्रमा नेपालले आफूभन्दा माथिल्लो वरीयताको टोलीसँग खेल्ने अवसर पाउँदा पक्कै पनि धेरै कुरा सिकेको छ । नयाँ खेलाडीहरू उत्पादन गर्ने, स्वदेश तथा विदेशका प्रतियोगिताहरूमा खेलाडीहरूलाई अत्यधिक प्रतियोगिताहरूमा सहभागी गराउने तथा खेलाडीहरूलाई खेलेर बाँच्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक उपायहरू अवलम्बन गर्नु जरुरी छ । नेपालले तासकान्दमा सिकेको पाठलाई आगामी दिनमा व्यवहारमा उतार्दै नेपाली महिला फुटबललाई प्राथिमकतामा राखेर उचित रणनीति तर्जुमा गर्न अखिल नेपाल फुटबल संघले तदारुकता देखाउन ढिलो गर्न हुँदैन । *रासस*




बैकुण्ठ भण्डारी



# रुञ्चेहरूको एकै स्वर

घुम्ने कुर्सीमा बसेर मोबाइलको पर्दामा सामाजिक सञ्जाल हेर्दै गरेकी इन्दिरा एक्लै भनभनाइरहेकी छन् । पल्लो कुर्सीमा श्यामसुन्दर कम्प्युटरमा हनुमान चालिसाको मन्त्र सुनिरहेका छन् । भित्ते पंखा १४० को दौडमा छ । पंखा पनि भुनुऽनुऽन कुदिँरहेको छ ।

पंखा र इन्दिराको भुनभुनाइ उस्तैउस्तै सुनिन्छ । पंखा निर्जीव भएर पनि विद्युत्को शक्तिमा दौडिरहेको छ । अनि वल्लो छेउ र पल्लो छेउ घुम्दा उसले फालेको ध्वनिमा हावाको बेगले कुनै संगीतको सुर दिएजस्तो लाग्छ ।

'हेर न रुञ्चेहरू कति रुन सकेका, आफूले चाहिँ जे गरे पनि हुने' सामाजिक सञ्जालमा सांसदहरूले बोलेका कुरा हेर्दै उनी निकै चुर देखिन्छिन् । 'चोरहरू' खान लुट्न नपाएर खान नपाएर रोइरहेका छन् । इन्दिरा एक्लै बोलिरहेकी छन् ।

कस्तो 'पेच खुस्केको जस्तो' बोलिरहेका हुन् । पल्लो छेउको कुर्सीमा बसेर हनुमान चालिसा सुन्दै कम्प्युटरमा काम गरिरहेको श्यामसुन्दर कराउँछन् ।कस्तो पेच खुस्केको भन्या हो । त्यही हेर्नु नि, रुञ्चेहरूको रुवाइ । विचरा, रविको पक्षमा हस्ताक्षर संकलन गर्न लागे भनेर रुँदै छन् ।

लौ हेर लौ हेर, कस्तो पीडा भाको हो ! किन टाउको दुखाउनुपरेको होला । आखिर 'जुन जोगी आए पनि कानै चिरेका भनेजस्तै' हो । सब खान आका हुन्, खान्छन् । खान नपाएपछि कराउँछन् । आफ्नो चिन्ता नलिएर के अर्काको चिन्ता लिएर बस्या होला बेकारमा । श्यामसुन्दरले सहानुभूति प्रकट गर्छ ।

खान त खानै आका त हुन् नि । तर खानका पनि सीमा हुन्छ नि ! तीन पुस्तादेखि एउटै व्यक्तिले खाको छ त, उनीहरूकै बाउको सम्पत्ति भागबण्डा लगाएको जस्तो । कहिले कसको पालो कहिले कसको पालो । 'पालैपालो खान नदिएपछि रविलाई जाकेका त हुन् ।' इन्दिराले आफ्नो समर्थन जनाउँछिन् । देशमा काम गर्छु भन्नेलाई यो वा त्यो बहानामा रोक्ने त हुन् नि । 'त्यस्तो नहोला त ?,' श्यामले फेरि प्रतिप्रश्न गर्छन् ।

किन नहुनु नि ? त्यस्तो नभइदिएको भए, एउटा व्यक्तिलाई धरौटी पनि लिने अनि जेलमा सधैं कोचिरहने हुन्छ ? उनीहरूका झोलेहरूलाईचाहिँ धरौटी तिरेपछि मुक्त, त्यो विचरालाईचाहिँ धरौटी पनि तिर्नुपर्ने जेलमा बस्नुपर्ने ! त्यस्तो नि न्याय हुन्छ कहीँ ? इन्दिराको कुरा सुनेर श्यामसुन्दरले बल्ल समर्थन जनायो । 'हो यो कुराचाहिँ बल्ल सुहायो' ।

'हो हो सुहायो ।' ढोकाबाट छिर्दै, कुरै सुन्दै नसुनि बुझ्दै नबुझी 'मटचाङ्ग्रो' बोलिहाले । त्यस्तो त कुनै हालतमा पनि हुनुहुन्नथ्यो । अन्याय त भएकै हो है । कसैलाई धरौटी लिएर छाड्ने, कसैलाई धरौटी लिएर पनि थुन्न पाइन्छ ? यस्तो पनि हुन्छ न्याय ? जसले जे भने पनि रविमाथि अन्यायचाहिँ भएकै छ है 'मटचाङ्ग्रा' ले इन्दिराको कुरालाई समर्थन गरे ।

इन्दिराको ध्यान यता भए पनि आँखा भने उही मोबाइलको पर्दामा नै थियो । एक टकले संसद्मा प्रत्यक्ष प्रसारणको दृश्यहरू हेर्दै आफूलाई पत्रकारले झोले भनेकोमा संसद्मा भाषण दिएका पूर्वपत्रकार सांसदले रविमाथि विषवमन गरिरहेका थिए । सायद उनको रुञ्चे पाराको रविमाथिको टिप्पणीले इन्दिरालाई अहच नै भएको थियो ।

उनको अनुहारमा देखिएको पीडाले रविमाथि उनको गहिरो छाप झल्किरहेको थियो । झोले र टोले नेताहरूका कारण देश बर्बाद भइसक्यो । भर्खरै पलाउँदै गरेको जाबो एउटा सांसदलाई नांगेझार पारेर खाने दाउमा छन् । उनले अहिले कति रोष व्यक्त गरिन् । 'मटचाङ्ग्रो' र श्याम उनको कुरा सुनिरहेका थिए । त्यसैबेला श्यामसुन्दर फचाट्टै बोले । नेता हुनुपर्ने मान्छे, कर्मचारी भएर पो बिग्रिएको रहेछ । तपाईंजत्तिको मान्छेले सत्ता चलाउने हो भने के हुन्थ्यो होला ? व्यंग्य निकै मज्जाको थियो ।

इन्दिरालाई अति नै भएछ क्यार, फेरि भनिन्, 'यी चोरहरूले रविलाई त सक्ने नै भए । अब बालेनलाई पनि सक्छन् कि भन्ने डर पो लागेको छ ?' आज इन्दिराको सायद बोल्ने पालोजस्तै देखिन्थ्यो । एक टकमा बोलिरहेकी छन् । एमाले कांग्रेसका कार्जेकर्ताहरू मात्र यो देशको नागरिकजस्तो गर्छन् बाबै । 'लौ, हो कि होइन सर' भन्नुस् त ? उनको कुरालाई हो भन्ने अवस्था पनि छैन होइन भन्ने अवस्था पनि छैन ।

किनकी तीस वर्षदेखि तीन पुस्ताका लागि यिनीहरूले शासन सत्ता दुरूपयोग गरिरहेको छन् । जति भोगे पनि सुनाउने र सुन्न ठाउँ नभए पनि विचरा नागरिकहरूले गर्न सक्छन् । 'मटचाङ्ग्रा'लाई बोलौं भने झन् कठिन हुने । त्यसैले पनि उनले मुख खोले, 'हो नि मेरो बाले प्रधानमन्त्री स्वीकारेको भए अहिले म मात्र होइन मेरो छोराले पनि त्यही व्यक्तिलाई प्रधानमन्त्री स्वीकार गर्नुपरेको छ । अनि तीन पुस्ताले स्वीकार गरेको प्रधानमन्त्री तीन वर्षसम्म राज्यसत्ता आफ्नो मुठ्ठीमा लिएर के चाहिँ गरेको छ भन्ने कुरा खोल्ने बेला आएको छ । लुटेरा त पुराना पनि लुटेरा नै भए नयाँ पनि लुटेरा नै हुने देखियो । को कति कम लुटेरा भन्नेमात्र देखियो ।

त्यही भएर पनि होला रविको समर्थनमा हस्ताक्षर चलिरहँदा झोले र टोलेहरूलाई पीडा भएको छ । कथं कदाचित उसलाई जेलमा लगेर नहाल्ने भने भने तीन दशकदेखि लुटिरहेकाहरूले लुट्न पाउने छैनन् भनेकाले नै होला । हस्ताक्षर बटुल्दा पनि रुञ्चेहरू रोइरहेका छन् । सत्तामा पुगेपछि के गर्छु भन्ने सोचेका होलान् । उही कर्मचारीले तन्त्रले कुलिङ र फिटको हल्ला गरेजस्तै हो । अहिले सत्ताको स्वाद खाइरहेका छैनन्, यिनीहरूबाट धेरै कुरा बेस्वादे हुन सक्छ ? आखिर सत्ता र शक्ति उही कुरा त हुन् ।

संसद्मा रुञ्चेहरू छन्, सदनमा बसेर हस्ताक्षर गर्न पाइँदैन भन्दै रुन्छन् । यिनीहरूको रुवाइले के भनिरहेको होला ? आफू पनि केही नगर्ने अनि अरु गर्नेहरूलाई पनि अप्ठेरोमा पार्न निरन्तर प्रयास गरिरहने । त्यसैले देश रुञ्चेहरूकै हो कति रुञ्छौ रोऊ । टाउको ठोकेर रोऊ, सडकमा हस्ताक्षर गरेर भए पनि रोऊ । सबैजना मिलेर नयाँ पुस्तालाई भित्र छिर्न नदिनेगरी पुराना झोले र टोले मिलेर एक्लै खाऊ । एक्लै रमाऊ । जो झोले !!



**परम्परागत काठको कोल** | ललितपुर महानगरपालिका–२१ खोकनस्थित गाबु ज्यासाः तेल मिलमा परम्परागत काठको कोलबाट तोरी पेल्दै श्रमिक । खोकना तेलको लागि प्रख्यात ठाउँ हो । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# मानव–हात्ती द्वन्द्व न्यूनीकरणमा जोड

**भद्रपुर (झापा)–** गत बिहीबार बिर्तामोड–७ फक्तालुङमा शौचालय जान निस्किएको बेला ५९ वर्षीय लोकप्रसाद लिम्बूको हात्तीको आक्रमणबाट आँगनमै ज्यान गयो । अचानक आएको हात्तीले किच्दा घटनास्थलमा नै लिम्बूको मृत्यु भएको थियो ।

यसैगरी, गत जेठ २० गते कमल–३ रतुवामाई वृक्षरोपणका क्रममा जंगलमा करेण्ट लागेर जंगली हात्तीको मृत्यु भयो । हात्तीले विद्युत् पोलमा धक्का दिँदा उसलाई करेण्ट लागेको थियो । हात्तीको घटनास्थलमा नै ज्यान गयो ।

डिभिजन वन कार्यालय झापाका प्रमुख वन अधिकृत भरतबाबु श्रेष्ठले विगत १७ वर्षमा यहाँ जंगली हात्तीको आक्रमणमा परी ७४ जनाले ज्यान गुमाएको जानकारी दिए । उनका अनुसार २०६२ सालदेखि हालसम्ममा प्राकृतिकरूपले २५ वटा हात्तीको ज्यान गएको छ ।

भारतको पश्चिम बंगालबाट बर्सेनि जंगली हात्तीहरू झापाको बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्छन् । ती हात्तीहरू झापा, मोरङ र सुनसरीका वन क्षेत्रमा रहेर पुनः भारत फर्किने गरेको प्रमुख अधिकृत श्रेष्ठले बताए । 'पछिल्लो समय मानिसहरूको अत्यधिक चापले गर्दा वन क्षेत्रको विनाश हुन गई हात्तीलगायत वन्यजन्तुको बासस्थान संकुचन हुन गएकाले हात्तीको जीवन अत्यन्त संकटग्रस्त अवस्थामा रहेको छ,' उनले भने ।

डिभिजन वन झापाका अनुसार २५ देखि ३० को संख्यामा रैथानी जंगली हात्ती बाह्रै महिना यही क्षेत्रमा रहने गरेका छन् । मुख्यरूपमा जंगली हात्तीको खानाको उपलब्धता र विचरणमा समस्या आएका कारणबाट मानिस र जंगली हात्तीको बीचमा द्वन्द्व सिर्जना भएको छ । स्थानीयको व्यवहारले हात्ती–मानव द्वन्द्व झन् चर्किएको प्रमुख श्रेष्ठले उल्लेख गरे ।

हात्ती गाउँमा प्रवेश गरेपछि स्थानीयले साइरन बजाउने, पटका पड्काउने, हल्लाखल्ला गर्ने, हात्तीलाई चारैतिरबाट घेर्ने आदि क्रियाकलापले हात्ती झनै उत्तेजित हुने र दुर्घटनाको सम्भावना बढ्ने गरेको उनले बताए । यस प्रकारका क्रियाकलाप रोक्न वनकर्मी र सुरक्षाकर्मीको साथमा संयमता अपनाउनु जरुरी रहेको उनको भनाइ छ ।

### द्वन्द्व न्यूनीकरणको प्रयास

सहभागितामूलक पद्धतिको अवलम्बन गर्दै वन उपभोक्त समूहमार्फत स्थानीय डिभिजन वन कार्यालयहरूबाट हात्तीको प्राकृतिक बासस्थान संरक्षण र संवर्द्धन गर्ने गरिएको प्रमुख श्रेष्ठले जानकारी दिए । जसअनुसार हात्तीले मनपराउने वनस्पतिहरूको संरक्षण गर्ने, आउटेंगाका प्रजातिहरू वनस्पति रोपण गर्ने, हात्तीलाई पानी पिउन तथा पौडी खेल्नका लागि बासस्थान सुधारअन्तर्गत वन क्षेत्रभित्र नै पानीको पोखरी अर्थात् आहाल निर्माण गर्नेलगायत क्रियाकलाप गरिएको छ ।

यसैगरी, वन क्षेत्र र मानव बस्ती तथा खेतबारीको बीचमा हात्ती छेक्ने तारबार निर्माण, जंगली हात्तीबाट हुनसक्ने जनधनको क्षति र मानवीय गतिविधिका कारण हात्तीमा हुने क्षति न्यूनीकरण गर्न गाउँ, टोल, समुदायस्तरमा युवा जनशक्ति संगठित गरिएको, १० पशु चिकित्सक, वन प्राविधिक र सशस्त्र वनरक्षकसहितको द्रूत प्रतिकार्य टिम गठन गरी परिचालन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्ममा हात्तीबाट कूल दुई करोड एक हजार रूपैयाँबराबरको क्षति भएको छ । जुन रकम मानिस मृत्यु, मानिस घाइते, घरगोठ क्षति, अन्नबाली क्षति र भण्डारण गरेको अन्न क्षतिका लागि राहतस्वरूप उपलब्ध गराइएको हो । उक्त रकममध्ये वन निर्देशनालयबाट एक करोड ३० लाख आठ हजार रूपैयाँ र बाँकी ६९ लाख ९३ हजार रूपैयाँ डिभिजन वन कार्यालयबाट विनियोजन भएको प्रमुख श्रेष्ठले जानकारी दिए ।

डिभिजन वनका पशु चिकित्सक डा. सोनाम भालका अनुसार मृतकका परिवारलाई जनही १० लाख रूपैयाँ, घाइतेलाई अवस्था हेरी दुई लाख रूपैयाँसम्म, जीवनभर अशक्त भएको अवस्थामा पाँच लाख रूपैयाँसम्म, अन्नबाली तथा भण्डारणमा क्षति भएमा बढीमा १० हजार रूपैयाँसम्म र घर गोठ भत्केको अवस्थामा अधिकतम २० हजार रूपैयाँसम्म डिभिजन वनले राहत उपलब्ध गराउँदै आएको बताए ।

झापालगायत तराईका वन क्षेत्रमा हात्तीको बासस्थान संकुचन, मानव बस्तीको विस्तार र जनचापका कारण जंगली हात्ती र मानवबीचको द्वन्द्व बढ्दो रहेको जनाइएको छ । वन क्षेत्रको संरक्षण, मानव–हात्ती सहअस्तित्वमा आधारित चेतना अभिवृद्धि, वैज्ञानिक व्यवस्थापन र स्थानीयको सहभागितामात्रै यो समस्या न्यूनीकरण गर्न सकिने प्रमुख वन अधिकृत श्रेष्ठको भनाइ छ । *रासस*

# प्लास्टिकको झोलामा प्रतिबन्ध लगाउँदै टीकापुर नगरपालिका

**कैलाली (प्रस)–** यहाँको टीकापुर नगरपालिकाले आगामी साउन १ गतेदेखि प्लास्टिकका झोलाको प्रयोगमा प्रतिबन्ध लगाउने भएको छ । नगरपालिकाले प्लास्टिकजन्य वस्तु प्रतिबन्धसम्बन्धी ऐन २०८० निर्माण गरी कार्यान्वयनमा ल्याउने तयारी थालेको हो ।

'वातावरणीय हिसाबले प्लास्टिक हानिकारक छ,' नगरपालिकाका नगरप्रमुख रामलाल डगौरा थारुले भने, 'यसको नियमनले नगरपालिकालाई ठूलो राहत हुने छ भने प्लास्टिककै कारण हुने जोखिम कम हुँदै जाने छ ।'




बजार क्षेत्रमा प्लास्टिकको अत्यधिक प्रयोगले ढलको निकास रोकिने र वर्षातको समयमा बाढी र डुबानको जोखिम निम्त्याउने कारक प्लास्टिक बन्दै आएको नगरपालिकाका सरसफाइ शाखा प्रमुख लोकबहादुर बूढा बताउँछन् । उनले भने, 'प्राकृतिक विपद्बाट बच्नका लागि प्लास्टिकजन्य वस्तुमा रोक लगाउन लागेका हौं ।'

नगरपालिकाले नागरिकस्तरमा जनचेतना फैलाउने काम गर्दै आएको छ । स्थानीय व्यापारीहरूले त्यसलाई सकारात्मकरूपमा लिएका छन् । 'सधैं प्लास्टिक प्रयोग गरेको बानीले सुरुमा अप्ठ्यारो लागे यसलाई सकारात्मक प्रयासको रूपमा लिएका छौं,' व्यापारी पुष्पराज देवकोटाले भने, 'नगरपालिकाले सूचना आह्वान गरेपछि त्यसको विकल्प व्यापारीहरूले खोज्न थालिसकेका छन् ।'

प्लास्टिकका झोला प्रतिबन्ध लगाएपछि स्थानीय गार्मेन्ट उद्योगले थप काम पाउन विश्वास गरिएको छ । प्लास्टिकका झोलाको विकल्पमा कपडाको झोलाले बजार पाउन आशा गार्मेन्ट व्यवसायीको छ । 'जनस्वास्थ्यका हिसाबले हानिकारक प्लास्टिकलाई बन्द गर्दा स्थानीय उद्योगले काम पाउने स्थिति देखिएको छ,' गार्मेन्ट व्यवसायी मातृकाप्रसाद तिमिल्सिनाले भने, 'यसबाट स्थानीय स्तरमा रोजगारीका सम्भावना बढ्ने देखिन्छ ।'

नियम पालना नगर्नेलाई जरिवानाको व्यवस्था गरिएको छ । जसमा प्लास्टिकको झोला बिक्रेतालाई पहिलोपटक एक हजार, दोस्रोपटकमा तीन हजार र तेस्रो पटकदेखि पाँच हजार जरिवाना हुने व्यवस्था छ । त्यसैगरी प्लास्टिकको झोला प्रयोग गर्नेलाई पनि ऐनमा जरिवानाको व्यवस्था छ । जसअनुसार प्रथमपटक १० रूपैयाँ, दोस्रोपटक ५० रूपैयाँ, तेस्रोपटक १०० रूपैयाँ र त्यति गर्दा प्रयोग गर्न नछोडेको खण्डमा नाम सार्वजनिक गरेर दण्ड र सजायको व्यवस्था हुने भनिएको छ ।

प्लास्टिकको झोला उत्पादनकर्तालाई ऐनले जरिवाना तोक्ने भनेको छ । जसमा प्रथमपटकमा उत्पादनकर्ताको हकमा दुई हजार, दोस्रोपटक चार हजार, तेस्रोपटक छ हजार र त्यसपछि अटेर गरे नाम सार्वजनिक गर्दै अन्य दण्ड सजायको प्रक्रिया अगाडि बढाइने उल्लेख छ । त्यतिमात्र नभई, निषेधित प्लास्टिकजन्य वस्तुहरू उत्पादन, बिक्री वितरण, निर्यात तथा भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति, जफत गर्ने कार्यमा संलग्न अनुगमन समितिका सदस्य तथा अन्य कर्मचारीलाई जरिवाना रकमको ५० प्रतिशत रकम दामासाहीले पुरस्कार प्रदान गर्ने व्यवस्था ऐनमा गरिएको छ ।

मनसुनजन्य विपद्

# काभ्रेमा छ हजारभन्दा बढी घरपरिवार उच्च जोखिममा

**काभ्रेपलाञ्चोक–** मनसुनजन्य विपद्मा काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमा ३९५ बस्ती उच्च जोखिममा रहेको पाइएको छ । स्थानीयस्तरबाट जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई प्राप्त प्रतिवेदनमा यस वर्षको मनसुनजन्य विपद्मा उक्त संख्याको बस्तीका छ हजार ३७५ घरपरिवार उच्च जोखिममा रहेको जनाइएको हो ।

समितिका अनुसार ती बस्तीको परिवारका २३ हजार ४५ नागरिक मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने आकलन गरिएको हो । समितिले स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा जनप्रतिनिधि र सुरक्षाकर्मीको तथ्यांकका आधारमा उक्त जनसंख्या यस वर्षको मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने प्रक्षेपण गरेको जनाइएको छ ।

'विशेषगरी यस वर्षको बाढीपहिरोले जिल्लाका रोशी, सुनकोशी, इन्द्रावती, पुण्यमाता, झिकुखोला, दाप्चाखोलालगायत तटीय क्षेत्र आसपास बसोबास गर्ने नागरिक प्रभावित हुने अनुमान गरिएको छ, यसबाट सतर्कता अपनाउन आग्रह पनि गर्दै आएका छौं,' समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश ढकालले भने ।

ढकालका अनुसार काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहमा बाढीपहिरोको उच्च जोखिम देखिएको छ । समितिलाई प्राप्त तथ्यांकअनुसार जिल्लामा सबैभन्दा बढी रोशी गाउँपालिकामा ५६ बस्ती र सबैभन्दा कम खानीखोला गाउँपालिकामा नौ बस्ती उच्च जोखिममा रहेको जनाइएको छ । रोशीमा एक हजार ४३८ घरपरिवारका तीन हजार ६६२ नागरिक उच्च जोखिममा रहेको पाइएको हो ।

नमोबुद्ध नगरपालिकाकोमा एक हजार १४२ घरपरिवारका चार हजार ४११ नागरिक प्रभावित हुने आकलन गरिएको छ । यस्तै पाँचखाल नगरका ४१ बस्तीमा ८६९ घरपरिवारका पाँच हजार ६६८ नागरिक प्रभावित हुने देखिएको हो । मण्डनदेउपुर नगरमा २४ बस्तीका २४३ घरका ९४७ जना नागरिक प्रभावित हुने आकलन गरिएको छ ।

सहरी क्षेत्रमा पर्ने बनेपामा २७ स्थान जोखिममा रहेकोमा ८११ घरपरिवारका दुई हजार २६१ नागरिक प्रभावित हुने आकलन गरिएको छ भने पनौतीमा १६ बस्तीका २८६ घरका एक हजार ३९५ परिवार प्रभावित हुनसक्ने देखिएको समितिले जनाएको छ । समितिका अनुसार अर्को सहरी क्षेत्र अर्थात् सदरमुकाम धुलिखेलका २५ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ५२१ घरपरिवारका एक हजार ३५१ नागरिक प्रभावित हुने प्रक्षेपण गरिएको छ ।

यसैगरी तेमालको ४६ बस्तीमा ३०८ घरपरिवारका ८५०, बेथानचोकमा १३ बस्ती उच्च जोखिममा रहेकोमा त्यस क्षेत्रका ७७ घरका २८८ नागरिक सदस्य जोखिममा रहेका छन् । डाँडापारी क्षेत्रका महाभारतमा १३ जोखिमयुक्त बस्तीमा १३६ घरपरिवारका ५६९, खानीखोलामा नौ उच्च जोखिम बस्तीमा ४७ परिवारका २३३ नागरिक उच्च जोखिममा रहेको जनाइएको छ । कोशीपूर्व क्षेत्रस्थित चौंरीदेउरालीको उच्च जोखिममा रहेको ३६ बस्तीका २७६ घरपरिवारका ६१९, भुम्लुमा उच्च जोखिममा रहेका ३९ बस्तीमा २२१ घरका ७९१ नागरिक प्रभावित हुने आकलन गरिएको छ ।

गत साल असोज ११ र १२ गतेको अविरल वर्षामा बाढीपहिरोका कारण काभ्रेपलाञ्चोकका ७८ जनाको निधन भएको थियो भने छ जना बेपत्ता भएकाको अवस्थामा रहे । उक्त घटनामा ७५ जना घाइते भएका थिए । बाढीपहिरोमा मृत्यु हुनेमा सबैभन्दा बढी पनौती नगरका १७ जना रहेका थिए । काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमध्ये पाँचखाल, खानीखोला र महाभारतमा भने मानवीय क्षति हुन पाएन ।

बाढीपहिरोबाट अन्य जिल्लाभन्दा काभ्रेपलाञ्चोकमा ठूलो संख्यामा मानवीय क्षति भएको हो । मृतकको संख्या देशभर मृत्यु भएकामध्ये ३१.५६ प्रतिशत रहेको थियो । काभ्रेपलाञ्चोकमा बाढीपहिरोमा परी ३३ महिला, २९ पुरुष, नौ बालक र सात बालिकाको मृत्यु भएको छ । यसमध्ये २१ विद्यार्थी थिए ।

समितिले मनसुनजन्य विपद् न्यूनीकरणका लागि स्थानीय तह, विभिन्न सुरक्षा निकाय, संस्थालगायतका सरोकारवालासँग उद्धार, राहत तथा सुरक्षित स्थानमा बसोबास गराउने प्रबन्ध तयारी अवस्थामा राख्न अनुरोध गरेको छ । यस्तै विपद्को समयमा तत्कालै प्रयोग गर्न मिल्नेगरी जिल्लाका १३५ वटा वडामा कम्तीमा प्रत्येक वडामा अथवा नजिकको वडालाई समेटेर हेलिप्याड तयार गरिएको, विभिन्न विद्यालय, क्लब, सामुदायिक भवन तथा खुला स्थानलाई प्रयोग गर्न मिल्नेगरी व्यवस्थापन गरिएको समितिले जनाएको छ । *रासस*

# स्थापनाको ३३ वर्षपछि जिल्ला अस्पताल ५० शयचामा विस्तार

**खोटाङ–** यहाँको जिल्ला अस्पताल स्थापनाको ३३ वर्षपछि १५ शयचाबाट ५० शयचामा विस्तार गरिएको छ । कोशी प्रदेश सरकारले गत जेठ १२ मा स्तरोन्नति गर्ने निर्णय गरेपछि आइतबार कोशी प्रदेश सरकारका स्वास्थ्य एवं भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले सेवा शुभारम्भ गरेका हुन् ।



अस्पताल भवन निर्माणको काम बाँकी रहे पनि अन्य सेवा विस्तारका लागि ५० शयचाको उद्घाटन गर्नुपर्ने बाध्यता भएको मन्त्री राईले बताए । '१५ शयचामा सञ्चालन हुँदै आएको अस्पताललाई स्तरोन्नति गर्न मन्त्रालयले पर्याप्त बजेट उपलब्ध गराएको छ । सेवा शुभारम्भ नभएसम्म बजेट खर्च गर्ने बाटो खुल्दैन,' उनले भने, 'अब लोकसेवा आयोगले विशेषज्ञ डाक्टरसहितको दरबन्दी खुलाउँछ । आगामी भदौसम्ममा यो अस्पतालमा विशेषज्ञ डाक्टरसहितको सबै सेवा उपलब्ध हुन्छ ।'

मन्त्री राईले औषधि प्रशोधन केन्द्र, उपकरण तथा औषधि खरिदलगायतका लागि मन्त्रालयबाट पर्याप्त बजेटको व्यवस्था गरिएको बताए । 'मन्त्रालयबाट स्वास्थ्य क्षेत्रका लागि खोटाङमा १६ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । निर्माणाधीन अस्पताल भवन सम्पन्न नभए पनि सेवा सुविधा विस्तार गर्न ५० शयचाको सेवा शुभारम्भ गरेका छौं,' उनले भने ।

२०४९ वैशाख १ गते स्थापना गरिएको अस्पताल विस्तार गरि एसँगै सबै प्रकारका बिरामीहरूको उपचार सेवा जिल्लामै उपलब्ध गराउने गरी स्वास्थ्यकर्मीको दरबन्दी कायम गरिएको मन्त्री राईको भनाइ छ । निर्माणाधीन अस्पताल भवन सम्पन्न नभई सेवा शुभारम्भ गरिएकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) खोटाङलगायतले सामाजिक सञ्जालमार्फत विरोध जनाएका छन् ।

अस्पताल भवन निर्माणको ठेक्का २२ करोड ९० लाख ४७ हजार ९२ लागतमा श्यामसुन्दर–रामसागर–नेपाल फूलबारी जेभीले लिएको छ । ठेकेदार कम्पनीले ३० महिनाभित्र सक्नेगरी २०७८ असार २४ गते सघन सहरी तथा भवन निर्माण आयोजना ओखलढुंगासँग सम्झौता गरेको थियो । निर्माणाधीन अस्पताल भवनको भौतिक प्रगति ७० प्रतिशतमात्र सम्पन्न भएको जनाइएको छ । ठेकेदारसँग सम्झौता गरिएअनुसार २०८० पुस २४ गते भवन निर्माणको म्याद नाघेपछि पुनः थप गरिएको म्याद आगामी मंसिरसम्म छ । *रासस*

**ओमनमा रोजगार** — कम्पनी : Ethad Engineers of Commercial Business LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२३ | LT. No. 325271 | चलानी नं. ६०२३९२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 20 | 0 | 100 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३१ देखि साउन २ गते (15-18 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ७३ असार २१ गते २०८२ मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को **Expertise Closed Joint Stock Company** कम्पनीको Lot No. 321012 विज्ञापनमा पूर्व स्वीकृति मिति २०८१/१२/१२ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**युएइमा रोजगार** — कम्पनी : LSPMK TECHNICAL SERVICES LLC — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326811 | चलानी नं. ६०२४०७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 900 | ३३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Mason | 5 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 900 | ३३,८४५ | | | | | | | |
| 4 | Maintainance M | 25 | 0 | 1200 | ४४,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३० गते (14th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ७५ असार २३ गते २०८२ मा प्रकाशित **Nova International Pvt. Ltd.** को **SUPLY LABORER Shipping Containers Loading & Unloading Services CO. L.L.C S.O.C** कम्पनीको Lot No. 326612 विज्ञापनमा **सेवा शुल्कः निःशुल्क** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

**साउदीमा रोजगार** — कम्पनी : PYRAMID OF JUBAIL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326841 | चलानी नं. ६०२४०८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 2 | 0 | 1800 | ६५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## तक्मे प्रोडक्सनले 'मैभ्कारो' बनाउने

तक्मे प्रोडक्सनको ब्यानरमा फिल्म 'मैभ्कारो' निर्माण हुने भएको छ । सोमबार निर्माण पक्षले अभिनेताका रूपमा धीरज मगर अनुबन्ध गर्दै चलचित्र निर्माणको घोषणा गरेको हो । चलचित्रको लेखन तथा निर्देशन कलाकार विल्सन विक्रम राई तक्मेबुढाले गर्नेछन् । यो उनको डेब्यु निर्देशन हो । चलचित्रमा अनमोल गुरूङ र तोरेम्पा हाङ राईको संगीत रहनेछ भने सौरभ लामाले छायांकन गर्नेछन् ।





# निर्देशक खरेलले ल्याए 'दूरदेखि आएँ प्रिय'




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'ढुङ्गे युग'मार्फत नेपाली संवादविहिन तथा मूक चलचित्रको इतिहासमा आफ्नो नाम लेखाइसकेका निर्देशक माधव राज खरेल आफ्नो पछिल्लो गीत 'दूरदेखी आएँ प्रिय' बोलको गीत मार्फत समाजका संवेदनशील पक्षमा चोटिलो प्रहार गरेका छन् । हालैसालै सार्वजनिक भएको गीत उक्त गीतमा खरेलले गीतकारका रूपमा शब्द संयोजन गरेका छन्, जसले आधुनिक सहरको विसंगति, सम्बन्धको संकुचन र आत्म-विरोधाभासको भावलाई गहिरो चित्रण गरका छन् ।

खरेलले लेखेका गीतका शब्दहरू भावनात्मक मात्र होइनन्, सामाजिक चेतनाले पनि भरिएका छन् ।

'दुरदेखि आएँ प्रिय, तिमी बस्ने सहरमा,
आत्माहरु बिक्दा रैछन्, सफल हुने रहरमा'

प्रस्तुत हरफहरू मार्फत निर्देशक खरेलले आजको दुनिँयाको उपभोक्तावादी समाजमा रहेका मानिसहरू विशेषतः माया प्रेमले परिपुर्ण आत्मा, कसरी व्यापारको वस्तु बन्न पुगेको छ भन्ने सन्देश दिएका छन् । उनको लेखनशैलीमा गहिरो भाव र प्रतीकात्मक बिम्ब रहेको छ, जसले दर्शक तथा श्रोताहरूको अन्तरमन छुनेमा निर्देशक तथा गीतकार खरेल विश्वस्थ रहेका छन् ।

गीतमा स्वर दिएका छन् गायक डेभिड शंकरले । डेभिड शंकर पछिल्लो पुस्ताका लोकप्रिय गायक हुन् । थुप्रै दर्शक तथा श्रोताहरूको मनमुटुमा बस्न सफल गायक डेभिडले शब्दको मर्मलाई आत्मीय गायनमार्फत जीवन्त पार्ने कोशिस छन् । यस गीतको संगीतको पक्षपनि अत्यन्तै उत्कृष्ट रहेको छ । गीतको संगीत र संगीत संयोजन राजेन्द्र बजगाईको रहेको छ, जसले सरल तर प्रभावशाली धुन सिर्जना गरेका छन्, संगीतको मिठास धुनले गीतलाई भावनाको लहरसँगै बाँधेर लैजान्छ ।

गीतको रेकर्डिङ, ध्वनी मिश्रण तथा सम्पादन मनोज परियारले गरेका हुन् ।

यस गीतको म्यूजिक भिडियोको पक्ष पनि उत्कृष्ट रहेको छ । गायक स्वयम्ले नै भिडियोमा अभिनय गरेका छन् भने निर्देशनमा रहेकी छिन् पुजा ठकुरी, जसले निर्देशक खरेलको शब्दलाई दृश्यमा जीवनन्तता दिएर गीतको सन्देशलाई अभ्क प्रभावशाली बनाएकी छन् । ठकुरी पछिल्लो पुस्तामा क्रियाशिल म्यूजिक भिडियो निर्देशकको रूपमा चिनिन्छिन् । भिडियोको छायांकन युदिन योञ्जन, सम्पादन तथा कलर संयोजन बिनोद बमले गरेका छन् । बम नेपाली म्युजिक भिडियो क्षेत्रमा सक्रिय र ख्यातीप्राप्त सम्पादक तथा कलरिस्ट हुन् । यसै गीतमार्फत खरेलले भन्न खोजेका छन् - 'आजको समाजमा मान्छे 'मान्छे' रहन सकिरहेको छैन । प्रेम, मूल्य र संवेदनशीलता जस्ता भावनाहरू नाफाको बजारमा हराउँदै गएका छन् ।'

*'राजा रंक एउटै भए, तिम्रो नगरमा*
*मायालुले माया भुल्ने, यो सहरमा'*

यो गीत खरेलको सिर्जनात्मक यात्राको एउटा अर्को महत्वपूर्ण अध्याय पनि बनेको छ । शब्द, स्वर, संगीत र दृश्यको मिठासपूर्ण मिश्रणको रूपमा तैयार भएको 'दूरदेखि आएँ प्रिय' केवल गीत मात्र होइन, यसलाई समाजको मनोविश्लेषणको रूपमा समेत लिन सकिने खरलले बताए ।

# राजेन्द्रलाई छिन्नलता गीत पुरस्कार



■ प्रभाव संवाददाता

**कीर्तिपुर–** यसवर्षको छिन्नलता गीत पुरस्कार वरिष्ठ गीतकार राजेन्द्र रिजाललाई प्रदान गरिएको छ । गीत पुरस्कार गुठीद्वारा आयोजित कार्यक्रममा सभामुख देवराज घिमिरेले रिजाललाई सम्मानपत्र र रु एक लाखसहित उक्त पुरस्कार प्रदान गरेका हुन् ।

यसैगरी रु एक लाख राशिको सङ्गीततर्फको छिन्नलता पुरस्कार आभास (अच्युतप्रसाद फुयाल) लाई र रु एक लाखकै गायनतर्फको पुरस्कार रामभक्त जोजिजु र इतु जोजिजुलाई संयुक्त रूपमा प्रदान गरियो ।

साथै रु ५० हजार राशिको युवा प्रतिभातर्फको छिन्नलता पुरस्कार गायक एसडि योगीलाई प्रदान गरिएको जनाइएको छ ।

त्यस अवसरमा सभामुख घिमिरेले राष्ट्रिय भाव उत्पन्न गर्ने सृजनाहरू छिन्नलताको विशेषता भएको बताए । गीतकार राजेन्द्र रिजालले पुरस्कारबाट आफूलाई थप हौसला मिलेको बताए ।

# सकियो 'चलचित्र कन्फेरेन्स'

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'काठमाडौं युनिभर्सिटी स्कुल अफ आर्ट्स'अन्तर्गत भाषा तथा आमसञ्चार विभागको आयोजनामा आइतबारदेखि सुरु दुईदिने 'चलचित्र कन्फेरेन्स' सोमबार सम्पन्न भएको छ ।

कला पढिरहेका र चलचित्रमा भविष्य खोजिरहेका विद्यार्थीलाई लक्षित गर्दै आयोजना गरिएको उक्त कार्यक्रमले सकारात्मक ऊर्जा प्रदान गर्नुका साथै चलचित्रका विषयमा जानकारी दिने 'काठमाडौं युनिभर्सिटी स्कुल अफ आर्ट्स' अन्तर्गत भाषा तथा आमसञ्चार विभाग प्रमुख निर्मलमणि अधिकारीले बताए ।

'हामी विद्यार्थीलाई हरेक पक्षबाट जानकार बनाउन चाहन्छौं, त्यसैले हामीले किताबसँगै अतिरिक्त गतिविधि गरेर ज्ञान दिन आयोजना गरेको कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ', उनले भने ।

उक्त कन्फेरेन्स नेपाल चलचित्र समीक्षक समाज, नेपाल चलचित्र निर्देशक समाज, काठमाडौं पर्वतीय चलचित्र महोत्सव फाउन्डेसनसँगको सहकार्यमा आयोजना गरिएको थियो ।

कन्फेरेन्समा छोटो चलचित्र प्रदर्शन गर्नुका साथै 'फेस्टिभल फिल्म्स भर्सेस डोमेस्टिक मार्केट' र 'द भिजुअल ल्यांग्वेज अफ नेपाली सिनेमा ः स्ट्रेन्थ एण्ड लिमिटेशन' शीर्षकमा अन्तरक्रिया गरिएको थियो ।



# क्रिकेटमा प्राप्त सफलता खेलाडीको मिहेनतको प्रतिफलः राष्ट्रपति



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीमा बढ्दो क्रिकेट खेलप्रतिको क्रेज र पछिल्लो समय नेपाली खेलाडीले पाएको सफलता प्रशंसनीय भएको बताएका छन् ।

एसीसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको विजेता नेपाली टोलीलाई सोमबार शीतल निवासमा बधाई दिँदै उनले क्रिकेटमा नेपालीले हात पारेको सफलता खेलाडीको खेलप्रतिको समर्पण, लगाव र मिहनेतको प्रतिफल भएको उल्लेख गरे ।

उनले सिङ्गापुरसँग भएको फाइनलमा एसिसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि जितेर मुलुकको प्रतिष्ठा उँचो बनाएको भन्दै यसले नेपाल र नेपालीको इज्जत, प्रतिष्ठा बढाएको स्पष्ट पारे । राष्ट्रपति पौडेलले हामीले हाम्रा परम्परागत खेललाई पुरष्कृत, विकास र विस्तार गर्दै अन्तरराष्ट्रिय प्रतियोगितामा समावेश गराउन सकियो भने एकतर्फ देशको इज्जत र प्रतिष्ठा बढाउन सकिने उल्लेख गरे । उनले देशभित्रै खेलकुदका लागि आवश्यक पूर्वाधार तथा प्रतियोगिता र प्रशिक्षण बढाएर देश विदेशमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा हामी सबैको ध्यान जान आवश्यक रहेको बताए ।

# एनएसपिएल असोजमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिजीआर स्पोर्टस एण्ड इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामा टी-१० क्रिकेट प्रतियोगिता नेपाल स्ट्रिट प्रिमियर लिग (एनएसपिएल) हुने भएको छ ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा एनएसपिएलका अध्यक्ष ज्ञानु सिंहले प्रतियोगिता असोज १५ देखि २४ गतेसम्म मुलपानी क्रिकेट मैदान (तल्लो) मा हुने जानकारी दिए ।

सात टिमको सहभागीता रहने प्रतियोगितामा कूल २४ खेल हुनेछ । एक अर्कासँग प्रतिस्पर्धा गरेपछि शीर्ष चार टोली सेमिफाइनलमा पुग्नेछन् ।

प्रतियोगितामा सहभागिताको लागि टिम खरिद गर्नुपर्ने र खेलाडीको अक्सन हुनेछ। प्रतियोगिताको विजेताले २१ लाख र उपविजेताले ११ लाख रूपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताका अध्यक्ष सिंहले यो लिगले उदीयमान प्रतिभाको राम्रो प्लेटफर्म निर्माण गरेर ग्रासरुट क्रिकेटलाई विकास गर्न सहयोग पुऱ्याउने विश्वास लिएको बताए ।

यस्तै एनएसपिएलले चर्चित नायक निखिल उप्रेतीलाई आफ्नो ब्रान्ड एम्बेसाडरको रूपमा घोषणा गरेको छ ।

सम्झौता पत्रमा नखिल र एनएसपिएसका अध्यक्ष सिंहले हस्ताक्षर गरे । उनले ब्रान्ड एम्बासडरको रूपमा एनएसपिएलसँग जोडिन पाउँदा अत्यन्त खुसी र गर्व महसुस भएको बताए ।

# फर्कियो नेपाली महिला टिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी क्वालफायर खेलेर नेपाली राष्ट्रिय महिला फुटबल टोली स्वदेश फर्किएका छन् ।

सोमबार बिहान स्वदेश फर्किएको नेपाली टोलीलाई त्रिभुवन विमानस्थलमा अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राई, प्रवक्ता सुरेश शाह लगायतले स्वागत गरेका थिए ।

एएफसी एसियन कप छनोटको अन्तिम खेलमा उज्बेकिस्तानसँग पराजित भएपछि एसियन कपमा छनोट हुने नेपालको मौका गुमेको थियो ।

स्वदेश फर्किएपछि नेपाली राष्ट्रिय महिला टोलीकी कप्तान सावित्रा भण्डारी साम्बाले एएफसी एसियन कप छनोट पार गर्न असफल भए पनि धेरै कुराहरू सिक्ने मौका पाएको बताइन् । माथिल्लो टिमसँग खेल्न पाउँदा थप अनुभव हासिल भएको उनको भनाइ छ ।

उनले उज्बेकिस्तानसँगको निर्णायक खेलमा पनि २ गोलले पछाडि हुँदा पनि बेन्चको सपोर्टका कारण गोल फर्काउन सफल भएको जिकिर गरिन् ।

नेपाली महिला टोलीले प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेको थियो । तर निर्णायक मानिएको खेलमा बलियो घरेलु टोलीसँग पेनाल्टी सुटआउटमा पराजित हुन पुगेको थियो । नेपालले प्रतियोगितामा लाओस र श्रीलंकासँग खेलेको थियो । ती दुवैलाई फराकिलो अन्तरले पराजित गरेको नेपालले उज्बेकिस्तानसँग पराजित हुँदै एसियन कपमा छनोट हुन सकेको थिए । स्मरण रहोस् उज्बेकिस्तान फिफा बरियतामा ४९ औं स्थानमा रहेको छ भने नेपाल १०० औं स्थानमा रहेको छ ।




## 'भविष्यसम्म पिरोलिरहने छ'

त्रिभुवन विमानस्थलमा ओर्लिएपछि नेपाली स्ट्राइकर सावित्री भण्डारी 'साम्बा'ले चाहेअनुसारको नतिजा नआउँदा थकथकी लागेको बताइन् । त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीलाई जवाफ दिने क्रममा निराश मुद्रामा देखिएकी उनले उज्वेकिस्तानविरूद्धको खेलको नतिजाले आफूहरूलाई खेलाडीका रूपमा भविष्यसम्म पिरोलिरहने बताइन् ।

'तीन गोलले पछि पर्दा पनि हामीले अन्तिमसम्म फाइट गरेर खेललाई पेनाल्टीसम्म लग्यौँ तर हामी त्यहीँ चुक्दा निराश हुनुपरेको छ,' उनले भनिन्, 'हामीले अवसर पाएर पनि आफ्नो पक्षमा नतिजा ल्याउन सकेनौँ । यो खेलको कुराले खेलाडीका रूपमा हामीलाई भविष्यसम्म पिरोलिरहनेछ ।'

उक्त प्रतियोगिता खेल्न उज्वेकिस्तान पुग्दा त्यहाँको मौसममा केही असहज भए पनि श्रीलंका र लाओसविरूद्धको नतिजा शानदार आएको उनले बताइन् । उनले उज्वेकिस्तानविरूद्धको खेलमा सुरूवाती १० मिनेट टोलीले सम्हालिएर नखेल्दा समस्या भएको बताइन् । यद्यपि कोचबाट पाएको निरन्तरको मोटिभेशनले काम गरेको उनको भनाइ थियो । साम्बा आफैं पनि तीनवटै खेलको रात



सुत्न नसकेको बताइन् । उनले कप्तानलाई लिएर भएको विवादकमा कारण केही समस्या देखिएको स्वीकारिन् । तर सबैले जिम्मेवारी निर्वाह गरेर खेलेको उनको भनाइ थियो ।



भारतको लेहको बाहिरी इलाकामा रहेको हेमिस मठमा दुई दिने महोत्सवको पहिलो दिन धार्मिक नृत्य प्रस्तुत गर्दै बौद्ध भिक्षुहरू । *तस्बिरः एपी*

# विश्वासको मतः इयू प्रमुखलाई शक्ति देखाउने मौका

**ब्रसेल्स–** युरोपेली संघ (इयू) प्रमुख उर्सुला भोन डेर लेयनले सोमबार विश्वासको मतदानअघि सांसदहरूबाट कडा प्रश्नको सामना गर्ने छिन् । विश्वासको मतदानमा उनले जित्ने निश्चित भए पनि यसले ब्लकको नेतृत्वमा उनको हैसियत निर्धारण गर्ने छ ।

अति-दक्षिणपन्थी गुटले चालेको दुर्लभ चुनौतीले स्ट्रासबर्गमा बिहीबार मतदान हुँदा कन्जरभेटिभ युरोपेली आयोगकी अध्यक्षलाई पराजित गर्ने कुनै सम्भावना छैन । तर सोमबारको बहसले ब्लकको सभामा इयू-व्यापी निर्वाचनको एक वर्षपछि सबै पक्षका भन डेर लेयनका विरोधीहरूलाई आफ्नो शक्ति देखाउने मौका दिने छ ।

विश्वासको मत रोमानियाका अति-दक्षिणपन्थी सांसद घिओर्गे पिपेरियाले सुरु गरेका थिए । उनले भोन डेर लेयनमाथि कोभिड खोपका लागि वार्ता गर्दा फाइजरका प्रमुखलाई पठाएको पाठ सन्देशहरूमा पारदर्शिताको कमी भएको आरोप लगाएका थिए ।

द न्युयोर्क टाइम्सलगायत धेरै अदालती मुद्दाहरूको केन्द्रबिन्दु-सन्देशहरू जारी गर्न आयोगको असफलताले यसका मालिकलाई केन्द्रीकृत र अपारदर्शी निर्णय लिने आरोप लगाउने आलोचकहरूलाई बल दिएको छ । यो बाम र केन्द्रमा भोन डेर लेयनका परम्परागत सहयोगीहरूको बढ्दो गुनासो हो । उनीहरूले संसद्मा नयाँ यथास्थितिलाई लिएर विरोध गरेका छन् । संसद्मा उनको केन्द्र-दक्षिणपन्थी खेमाले आफ्नो एजेण्डा अगाडि बढाउन अतिदक्षिणपन्थीसँग बढी



मिलेर काम गरेको छ ।

## पुटिनका 'कठपुतली'

'फाइजरगेट' बाहेक रोमानियाका पिपेरियाले युरोपेली आयोगले उनको देशको हालैको राष्ट्रपति चुनावमा हस्तक्षेप गरेको आरोप पनि लगाएका छन् । निर्वाचनमा इयूका आलोचक र राष्ट्रवादी जर्ज सिमिओन युरोपेली समर्थक निकुसोर डानसँग पराजित भएका थिए ।

रोमानियाको संवैधानिक अदालतले रुसी हस्तक्षेप र कट्टर दक्षिणपन्थी उम्मेदवारलाई फेरि खडा हुनबाट प्रतिबन्ध लगाइएको आरोप लगाउँदै प्रारम्भिक मतपत्र खारेज गरेपछि मतदान भएको थियो । मतदान रद्द भएपछि इयूले टिकटकमा औपचारिक अनुसन्धान सुरु गरेको थियो ।

भोन डेर लेयनलाई पिपेरियाको चुनौतीलाई फ्रान्सको नेसनल र्‍याली र हंगेरीका राष्ट्रवादी प्रधानमन्त्री भिक्टर ओर्बानको पार्टी दुवै समावेश भएको प्याट्रियट्स फर युरोप समूहसहित अति-दक्षिणपन्थीको समर्थन छ । प्रस्तावले गत हप्ता ७२० सिट विधायिकाको दशांश अर्थात न्यूनतम ७२ हस्ताक्षर संकलन गरेपछि मतदान तय गरिएको थियो । गत जुलाईमा भएको मतदानमा भोन डेर लेयन ४०१ मतले पुनः निर्वाचित भएकी थिइन् ।

संसद्को सबैभन्दा ठूलो शक्ति, भोन डेर लेयनको युरोपियन पिपुल्स पार्टी (इपिपी) ले आयोगको प्रमुखलाई दिइएको चुनौतीलाई स्पष्ट रूपमा अस्वीकार गरेको छ । समूहका प्रमुख म्यानफ्रेड वेबरले यसलाई रूसी समर्थक, विधानसभामा युरोपेली विरोधी शक्तिहरूको काम भनेका छन् ।

'रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका कठपुतलीहरूले युरोपेली संसद्मा युरोपको एकतालाई कमजोर पार्ने र विश्वव्यापी अशान्ति र आर्थिक संकटको समयमा आयोगलाई तल झार्ने प्रयास गरिरहेका छन्,' उनले आरोप लगाउँदै भने, 'यो युरोपेली जनताका लागि लाजमर्दो कुरा हो ।'

बाम र केन्द्रमा निन्दा प्रस्तावलाई समर्थन गर्ने कुनै प्रश्न उठ्दैन । तर दुवै खेमाले विवादास्पद उपायहरू पारित गर्न र विशेषगरी वातावरणीय नियमहरू फिर्ता लिन अति दक्षिणपन्थीसँग मिलेर काम गरेको आरोप लगाउँदै भोन डेर लेयनलाई उनको निष्ठा स्पष्ट गर्न दबाब दिन चाहन्छन् ।

'हामी इपिपीलाई सोध्न जाँदै छौं, स्पष्टरूपमा, यो कससँग काम गर्न चाहन्छ,' मध्यमार्गी नेता भ्यालेरी हेयरले भने, 'के यो अझै पनि हामीसँग छ, युरोपेली समर्थक समूहहरू वा इसिआर र प्याट्रियट्सहरूसँग जसले इपिपी आयोगका प्रमुखलाई तल झार्न खोजिरहेका छन् र यससँग युरोपको दृष्टिकोण जसमा हामी विश्वास गर्छौं ?'

संसद्को दोस्रो शक्ति समाजवादी र प्रजातन्त्रवादीले पनि इपिपीको आगामी प्राथमिकताहरूमा 'प्रतिबद्धताको स्पष्ट संकेत' खोजेका थिए । 'इपिपीले सावधानीपूर्वक हेर्नुपर्छ कि उनीहरू कससँग, हामीसँग वा निन्दाको मत सुरु गर्नेहरूसँग पुल निर्माण गर्न चाहन्छन्,' समूहले भन्यो ।

अविश्वासको सफल मतले भोन डेर लेयनको २७ सदस्यीय युरोपेली आयोगको राजीनामा निम्त्याउने छ जुन ऐतिहासिक पहिलो हुने छ । सबैभन्दा नजिकको समानान्तर मितिहरू सन् १९९९ मार्चमा राख्छ जतिबेला लक्जमबर्गका ज्याक स्यान्टरको नेतृत्वमा रहेको टोलीले विश्वास मतको सामना गर्नुको सट्टा भ्रष्टाचार र कुव्यवस्थापनको दाबीलाई लिएर सामूहिकरूपमा राजीनामा दिएको थियो । *रासस/एएफपी*

# ब्रिक्स राष्ट्रहरूले गरे ट्रम्पका शुल्कहरूको आलोचना

## इरानमाथिको आक्रमणको निन्दा




**रियो डि जेनेरियो–** आइतबार भएको शिखर सम्मेलनमा ब्रिक्स नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका 'अन्धाधुन्ध' आयात शुल्कहरू र इरानमाथि हालैका इजरायली-अमेरिकी आक्रमणलाई लक्षित गरेका छन् ।

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालगायत ११ उदीयमान राष्ट्रले विश्वको लगभग आधा जनसंख्या र विश्वव्यापी आर्थिक उत्पादनको ४० प्रतिशत हिस्सा ओगटेका छन् । यो समूह धेरै विषयमा विभाजित भए पनि अमेरिकी नेता र उनका स्टप-स्टार्ट सुरु हुने भन्सार शुल्क युद्धहरूको सन्दर्भमा साझा कारण भेट्टाएका छन् ।

शिखर सम्मेलनको संयुक्त विज्ञप्तिअनुसार 'एकपक्षीय भन्सार शुल्क वृद्धिबारे गम्भीर चिन्ता' व्यक्त गर्दै ब्रिक्स सदस्यहरूले भन्सार शुल्कले विश्वव्यापी अर्थतन्त्रलाई नोक्सान पुर्‍याउने जोखिम रहेको बताए । आइतबार राति सामाजिक सञ्जालमा ट्रम्पले यस समूहलाई प्रत्यक्ष जवाफ दिए । 'ब्रिक्सको अमेरिकी विरोधी नीतिहरूसँग आफूलाई मिलाउने कुनै पनि देशलाई थप १० प्रतिशत भन्सार शुल्क लगाइने छ । यस नीतिमा कुनै अपवाद हुने छैन,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन् ।

यसअघि, ब्रिक्सले इजरायल र संयुक्त राज्य अमेरिकाले गरेको आणविक र अन्य लक्ष्यहरूमा शृंखलाबद्ध सैन्य आक्रमणको निन्दा गर्दै साथी सदस्य इरानलाई प्रतीकात्मक समर्थनको प्रस्ताव गरेको थियो । बजार बिक्रीको सामना गर्न एक महिना लामो विश्राम प्रस्ताव गर्नुअघि अप्रिलमा ट्रम्पले सहयोगीहरू र प्रतिद्वन्द्वीहरूलाई समानरूपमा दण्डात्मक कर्तव्यहरूको साथ धम्की दिएका थिए ।

ट्रम्पले अगस्ट १ सम्ममा 'सम्झौता' नभएसम्म साझेदारहरूमाथि एकपक्षीय भन्सार शुल्क लगाउने चेतावनी दिएका छन् । ब्राजिल, भारत र साउदी अरेबियाजस्ता अमेरिकी सहयोगीहरूलाई स्पष्ट छुट दिँदै शिखर सम्मेलन घोषणाले कुनै पनि बिन्दुमा संयुक्त राज्य अमेरिका वा यसका राष्ट्रपतिको नाम लिएर आलोचना गरेन ।

दुई दशकअघि तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्रका लागि मञ्चका रूपमा परिकल्पना गरिएको ब्रिक्सलाई अमेरिका र पश्चिमी युरोपेली शक्तिका लागि चीनद्वारा सञ्चालित प्रतिसन्तुलनका रूपमा हेरिएको छ । तर यो समूह इरान, साउदी अरब र अन्यलाई समेटेर विस्तार भएसँगै गाजा युद्धदेखि अमेरिकी विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने विषयहरूमा अर्थपूर्ण सहमतिमा पुग्न संघर्ष गरिरहेको छ ।

उदाहरणका लागि तेहरानको लामो समयदेखि इजरायललाई नष्ट गर्नुपर्ने स्थितिका बाबजुद ब्रिक्स राष्ट्रहरूले इजरायल-प्यालेस्टाइन द्वन्द्वको शान्तिपूर्ण दुई-राज्य समाधानका लागि सामूहिकरूपमा आह्वान गरे । एक इरानी कूटनीतिक स्रोतले उनको सरकारको 'आपत्तिहरू' ब्राजिलका आयोजकहरूलाई पठाइएको बताएको छ । तैपनि, इरानले उक्त कथनलाई स्पष्ट रूपमा अस्वीकार गर्न छोडेको छैन ।

ब्राजिली सरकारी स्रोतका अनुसार कूटनीतिक संवेदनशीलताको सम्भावित थप संकेतमा साउदी अरबका विदेशमन्त्रीले आइतबारको छलफल पूर्णरूपमा छाडेका थिए । साउदी अरब उच्च-प्रविधि अमेरिकी सैन्य निर्यातको विश्वको प्रमुख लाभार्थीहरूमध्ये एक हो र लामो समयदेखि अमेरिकी साझेदार हो । चीनका सी चिनफिङले राष्ट्रपति भएको १२ वर्षमा पहिलोपटक बैठक छाडेपछि यस वर्षको शिखर सम्मेलनको राजनीतिक शक्ति घटेको छ । चिनियाँ नेतामात्र उल्लेखनीय अनुपस्थित व्यक्ति हैनन् । युक्रेनमा युद्ध अपराधको आरोप लागेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि टाढै बस्न रोजे र भिडियो लिंकमार्फत भाग लिए ।

उनले आफ्ना समकक्षीहरूलाई ब्रिक्स विश्वव्यापी शासनमा प्रमुख खेलाडी बनेको बताए । शिखर सम्मेलनले आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता-एआई) लाई नियन्त्रण गर्ने नियमनका लागि पनि आह्वान गरेको छ र यो प्रविधि धनी राष्ट्रहरूको मात्र संरक्षण हुन नसक्ने बताएको छ ।

व्यावसायिक एआई क्षेत्रमा हाल अमेरिकी टेक जायन्टहरूको प्रभुत्व छ । यद्यपि चीन र अन्य राष्ट्रहरूसँग द्रुत गतिमा क्षमता विकास भइरहेको छ । *रासस/एएफपी*

## चीनले भन्यो– ब्रिक्सले 'टकराव' खोजिरहेको छैन

**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्रिक्ससँग जोडिएका देशहरूमा थप १० प्रतिशत कर लगाउने वाचा गरेपछि चीनले सोमबार ब्राजिल, रुस र भारतसमेत समावेश भएको समूह ब्रिक्सले 'टकराव' नचाहेको बताएको छ ।

'कर लगाउने सन्दर्भमा, व्यापार र भन्सार शुल्क युद्धको कुनै विजेता हुँदैन र संरक्षणवादले अगाडि बढ्ने कुनै बाटो दिँदैन भनेर चीनले बारम्बार आफ्नो स्थिति स्पष्ट पारेको छ,' विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भने ।

ट्रम्पले व्यापारिक साझेदारहरूलाई सम्झौतामा पुग्नका लागि आफ्नो समयसीमा समाप्त हुनुभन्दा केही दिनअघि सोमबार विभिन्न देशहरूलाई पहिलो भन्सार शुल्क पत्र पठाउने बताएका छन् । यदि देशहरूले सम्झौता गर्न असफल भए भने आयातमा अमेरिकी कर अप्रिलमा निर्धारित उच्च स्तरमा फर्कने चेतावनी दिँदै उनले आइतबार १५ वटा पत्रको पहिलो ब्याच पठाउने बताएका थिए ।

आफ्नो ट्रुथ सोसल नेटवर्कमा एक पोस्टमा उनले आइतबार रियो डि जेनेरियोमा भएको शिखर सम्मेलनमा उनको शुल्कको आलोचना गरेपछि तिनीहरूलाई 'अमेरिकाविरोधी' भएको आरोप लगाउँदै ब्रिक्स राष्ट्रहरूसँग मिल्ने उदीयमान देशहरूमा थप १० प्रतिशत शुल्क लगाउने धम्की दिए ।

दुई दशकअघि तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्रका लागि मञ्चका रूपमा परिकल्पना गरिएको ब्रिक्सलाई अमेरिका र पश्चिमी युरोपेली शक्तिका लागि चीनद्वारा सञ्चालित प्रतिसन्तुलनका रूपमा हेरिएको छ । तथापि, बेइजिङले सोमबार यस समूहको 'उदीयमान बजार र विकासशील देशहरूबीच सहयोगको महत्त्वपूर्ण मञ्च' भनेर रक्षा गरेको छ । 'यसले खुलापन, समावेशिता र जित-जितको सहयोगको वकालत गर्छ,' माओले भने, 'यो खेमाबन्दी टकरावमा संलग्न हुँदैन र कुनै देशलाई लक्षित गरिएको छैन ।' *रासस/एएफपी*

# बंगलादेशकी पूर्वप्रधानमन्त्री विरूद्धको मुद्दा खारेज गर्न माग

**ढाका–** बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध मानवताविरुद्धको अपराधमा लगाइएको अभियोग खारेज गर्न सरकारी वकिलले सोमबार माग गरेका छन् । संयुक्त राष्ट्रसंघका अनुसार गत वर्षको जुलाईदेखि अगस्टसम्ममा भएको आन्दोलनका क्रममा हसिनाको सरकारले सत्तामा टिक्ने असफल प्रयासस्वरूप प्रदर्शनकारीमाथि कारबाही गर्न आदेश दिएपछि एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

गत अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहको उत्कर्षमा ७७ वर्षीया हसिना शरण लिन भारततर्फ भागेकी थिइन् । सरकारले पछि उनलाई स्वदेश फर्कन र उनीमाथि लागेका अभियोगको सामना गर्न दिएको आदेश पालना नगरेपछि उनको अनुपस्थितिमा जुन १ मा उनीविरूद्धको मुद्दाबारे सुनुवाइ सुरु भएको थियो ।

सरकारी वकिल मोहम्मद अमिर हुसेनले थपेका छन्, 'मैले मलाई सबै आरोपबाट मुक्त हुन माग गरेको छु । किनभने मैले हसिनासँग प्रत्यक्ष रूपमा कुरा गर्न पाएको थिइनँ । ती मुद्दा झूटा, मनगढन्ते र राजनीतिबाट प्रेरित देखिन्छन् ।'

अभियोजकहरूका अनुसार हसिनाले हिंसाको सम्पूर्ण जिम्मेवारी आफूले लिने तर ती सबै एउटा शासकले देशमा नियम र कानुनको आधारमा गर्नुपर्ने जिम्मेवारी भएको बताएकी थिइन् । अभियोजकहरूले उनीविरुद्ध पाँच वटा अभियोग दायर गरेका छन् जसमा सामूहिक हत्या रोक्न असफल हुनु पनि समावेश छ, जुन बंगलादेशी कानुनअन्तर्गत मानवताविरुद्धको अपराध हो । *रासस/एएफपी*

# इयूले लगाएको ५० करोड युरो जरिवानाविरुद्ध एप्पलको अपिल

**ब्रसेल्स, बेल्जियम–** युरोपेली संघ (इयू) ले लगाएको ५० करोड युरो जरिवानाविरुद्ध एप्पलले सोमबार अपिल दायर गरेको छ । ब्रसेल्सले अमेरिकी विशाल प्रविधि कम्पनी एप्पललाई प्रयोगकर्ताका लागि 'खराब' परिवर्तन गर्न बाध्य पारेको आरोप लगाएको छ ।

युरोपेली आयोगले अप्रिलमा एप्पललाई आफ्नो एप स्टोरबाहिर ग्राहकलाई 'स्टियरिङ' गर्नबाट रोकेको भन्दै एप्पललाई जरिवाना लगाएको थियो । एप्पलले भनेको छ, 'युरोपेली आयोगको निर्णय र अकल्पनीय जरिवाना कानुनी दायराभन्दा धेरै टाढा छ । आज हामीले हाम्रो अपिल दायर गरेका छौं ।' विज्ञप्तिमा भनिएको छ, 'हाम्रो अपिलले देखाउँछ कि आयोगले हामीमाथि कसरी व्यावसायिक सर्तहरू मान्न बाध्य पार्दै छ विकासकर्ताहरूका लागि भ्रामक र प्रयोगकर्ताहरूका लागि खराब छ भन्ने कुरा हाम्रो अपिलले पुष्टि गर्ने




छ । हामीले दैनिक जरिवानाबाट बच्नका लागि आगोगका सर्त मानेका छौं । परेको बेला इयू अदालतसँग तथ्यहरू साझा गर्नेछौं ।'

एप्पलले नयाँ दैनिक जरिवानाबाट बच्न सकियोस् भनी गत महिना युरोपमा आफ्नो एप स्टोर भुक्तानी नियमहरूमा परिवर्तनको घोषणा गरेको थियो । परिवर्तित एप स्टोर भुक्तानी नियमहरूमा विकासकर्ताहरूलाई उनीहरूको अनुप्रयोगभित्र उपभोक्ताहरूलाई सीधै विभिन्न भुक्तानी विकल्पहरू प्रस्ताव गर्न अनुमति दिनसक्ने पनि उल्लेख छ । आयोगले अहिले ती परिवर्तनको मूल्यांकन गरिरहेको छ । *रासस/एएफपी*

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ७५ असार २३ गते २०८२ मा प्रकाशित Chinari Overseas Pvt. Ltd. को Aroma Salon कम्पनीको Lot No. 317083 विज्ञापनमा Beautician पदमा पुरुष कामदारको संख्या ० र महिला कामदारको संख्या ३ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Chinari Overseas Pvt. Ltd.
Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

**युएइ/कुवेतमा रोजगार**

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 323525 | चलानी नं. ६०२३७५०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 127 | 0 | 900 | ३३,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF NASEEM GENERAL TRAD. & CONT. CO.
पूर्व स्वीकृति मिति २०८१/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/२३ | LT. No. 310435 | चलानी नं.६०२२५०११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 76 | 0 | 95 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३१ गते (15th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |



**खुलेको आकाश** | सोमबार बिहान खुलेको मौसममा देखिएको नुवाकोटको विदुर-४ मा किसानले हालै रोपेको धानखेत तथा जिल्लाको विदुर र बेलकोटगढी नगरपालिका आसपासका क्षेत्र। *तस्बिर: रामहरि न्यौपाने/रासस*

# मौद्रिक नीतिबारे योजना आयोगका उपाध्यक्ष र गर्भनरबीच छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिबारे राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलबीच छलफल भएको छ।

सोमबार आयोगमा भएको छलफलका क्रममा बजेटसँग समन्वय हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारीबारे कुराकारी भएको उपाध्यक्ष अधिकारीको सचिवालयले जनाएको छ। यस्तै, राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमा लैजानुपर्ने एजेन्डाका विषयमा पनि छलफल भएको जनाइएको छ।

'छलफलका क्रममा उपाध्यक्ष अधिकारीले विद्यमान आर्थिक मोडल र कार्यशैलीका सन्दर्भमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताए। यस्तै, दशकौंसम्म निर्माण सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजनालाई कसरी चाँडो सम्पन्न गर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको छ', सचिवालयले जारी गरेको प्रेस नोटमा भनिएको छ। लक्षित आर्थिक वृद्धि हासिल गर्न प्रत्यक्ष आन्तरिक लगानी बढाउनुपर्नेमा पनि उपाध्यक्ष अधिकारीको जोड थियो।

छलफलका क्रममा गभर्नर पौडेलले हाल अनुत्पादक क्षेत्रमा ठूलो आकारमा कर्जा लगानी भएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्न आवश्यक रहेको धारणा राखेका थिए। यस्तै, नेपाल सम्पत्ति शुद्धीकरण मामलामा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को खैरो सूचीमा परेकामा चिन्ता व्यक्त गर्दै उनले उक्त सूचीबाट चाँडो बाहिर निस्कन राष्ट्र बैंकले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै प्रयास गरिरहेको बताएका थिए।

छलफलका क्रममा हाल लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने, कृषि क्षेत्रमा सहज रूपमा सहुलियत कर्जा प्रवाह हुनुपर्नेलगायत विषय उठेका थिए।

यस्तै, बैंक तथा वित्तीय क्षेत्रका शाखाहरू सहरी क्षेत्रमा निकै बढी भए पनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अझै कमजोर रहेको, बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा बढेको, ब्याजदर घट्दा पनि अपेक्षाअनुसार कर्जा लगानी हुन नसकेकाजस्ता समस्या समाधान गर्नेगरी आगामी आवको मौद्रिक नीति ल्याइनुपर्ने आवश्यकता औंल्याइएको थियो।

# ह्याचरी उद्योगले बन्द गऱ्यो चल्ला उत्पादन

■ प्रभाव संवाददाता

**चितवन–** नेपाल ह्याचरी उद्योग संघले सोमबारदेखि यही असार २९ गतेसम्म कुखुराको चल्ला उत्पादन तथा बिक्रीवितरण बन्द गरेको छ। संघमा आवद्ध उद्योगीलाई ब्रोइलर र कलर ब्रोइलर (कोइलर) कुखुराको चल्ला उत्पादन तथा बिक्री गर्न पूर्णरूपमा रोक लगाएको हो। चल्ला उत्पादक किसानले लागत अनुसार मूल्य नपाएपछि संघले एक साता उत्पादन तथा बिक्रीवितरण बन्द गरेको जनाएको छ।

संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र लामिछानेका अनुसार उत्पादित चल्ला र मासुले मूल्य नपाएपछि एक साताका लागि उत्पादन बन्द गरिएको हो। उनले भने, 'व्यवसायीले चल्लाको उत्पादन मूल्य भन्दा कममा बेच्नुपर्ने र बिक्रीनै नहुने अवस्थामा पुगेपछि अहिलेको अवस्था आएपछि हामीले चल्ला उत्पादन बन्द गरेका हौं।" अहिले नेपालमा ५३ ह्याचरी उद्योग सञ्चालनमा रहेका छन्।

कोभिड अघिसम्म तीन सय ७० को हाराहारीमा उद्योग सञ्चालनमा रहेका थिए। नेपालमा अहिलेको बजार खपत सातामा रु २० लाखदेखि २२ लाख मात्रै रहेको भए पनि उत्पादन भने सातामा ३० देखि ३५ लाख हुने गरेको छ। माग भन्दा उत्पादन बढी भएपछि समस्या आएको हो।

चल्ला बिक्री नहुँदा सञ्चालनमा रहेका ह्याचरी उद्योगसमेत धारासाही भएका छन्। उत्पादित चल्ला रु १० देखि १५ मा बेच्नुपर्ने भएपछि उद्योग बन्द गरिएको हो। ब्रोइलर चल्लाको लागत मूल्य रु ६० पर्न आउँछ। हरेक आइतबार र बुधबार ब्रोइलर र कोइलरका चल्ला उत्पादन गरिँदै आएको छ।

# २२ अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। सोमबार नेप्से परिसूचक २२ दशमलव ३५ अङ्कले घटेर दुई हजार ६८४ दशमलव ०१ को बिन्दुमा कायम भएको हो। विभिन्न ३११ कम्पनीका एक करोड ९४ लाख १५ हजार ६८८ कित्ता शेयर ७१ हजार ३१३ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ३७ करोड ७३ लाख २७ हजार १४७ बराबरको कारोबार भएको छ। होटल तथा पर्यटन समूह शून्य दशमलव ६१ र म्युचुअल फण्ड शून्य दशमलव ०७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव ७९, विकास बैंक शून्य दशमलव ८१, वित्त तीन दशमलव ७६, जलविद्युत् एक दशमलव ०२ र लगानी समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ। त्यस्तै, जीवन बिमा शून्य दशमलव ९३, उत्पादन तथा प्रशोधन एक दशमलव २४, लघुवित्त शून्य दशमलव ७०, निर्जीवन बिमा शून्य दशमलव ६६, व्यापार एक दशमलव २५ र अन्य समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ।

# मञ्जुश्री फाइनान्सद्वारा शैक्षिक सामग्री सहयोग

**काठमाडौं (प्रस)–** मञ्जुश्री फाईनान्स लिमिटेडले आफ्नो इटहरी शाखामार्फत लक्ष्मी माध्यमिक विद्यालय, इटहरी - ०७ बज्रालाई, विभिन्न शैक्षिक तथा आवश्यकताका सामग्रीहरू सहयोग स्वरूप हस्तान्तरण गरेको छ।



संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत फाइनान्सले २० थान पंखा, १३ थान डस्ट्बिन, १० थान बाल्टिन, ८ कार्टून स्यानिटरी प्याड, १ थान वाटर डिस्पेंसरका साथै १ थान कलर प्रिन्टर तथा स्क्यानर गरि करीब १ लाख ३० हजार बराबरको सामग्री विद्यालयलाई हस्तान्तरण गरेको छ। प्राथमिक तहदेखि माध्यमिक तहसम्मका विद्यार्थीहरूलाई शिक्षा दिदै आइरहेको यस विद्यालयमा करिब साढे तीन सय अध्यनरत छन्।

समाजको सेवामा सदैब तत्पर मञ्जुश्रीले सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना विभिन्न शाखाहरू मार्फत सहयोग पुऱ्याउँदै आइरहेको छ। मञ्जुश्रीले हालसम्म २२ अर्ब निक्षेप संकलन गरि करिब १८.२ अर्ब कर्जा परिचालन गरेकोछ।

निक्षेपमा आकर्षक ब्याजदर तथा सुलभ दरमा कर्जा प्रबाह गर्दै आइरहेको मञ्जुश्री फाइनान्सले हाल सम्म २७ ओटा शाखाका साथै एउटा बिस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरूलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराईरहेको छ। हालको मिति सम्म १ लाख ५० हजार भन्दा बढी सन्तुष्ट ग्राहकहरूलाइ सेवा पुऱ्याउँदै आइरहेको मञ्जुश्री फाइनान्स, देशकै अग्रणी फाइनान्स कम्पनीको रूपमा रहेको छ।

# बचतकर्तालाई १० लाखसम्म उपचार खर्च

**झापा–** झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले स्वास्थ्य बिमा कार्यक्रम जस्तै नयाँ अवधारणाबाट सदस्यहरूको उपचारमा सहयोग पुऱ्याउँदै आएको छ। सदस्य बिरामी हुँदा उपचारमा कठिनाइ नहोस् भन्ने उद्देश्यले संस्थाले विसं २०७२ मा 'जीवन बरदान' कार्यक्रम लागू गरेको थियो। सहकारीका सदस्यले वार्षिक रु तीन हजार ४७५ बुझाएपछि 'जीवन बरदान' कार्यक्रमको सदस्य बन्न पाउँछन्। त्यसरी सदस्य बनेकाहरूले बिरामी हुँदा संस्थाले तोकेका अस्पतालबाट वर्षमा एकपटक लाखौं रकम बराबरको उपचार सेवा लिन पाउँछन्। रोगको अवस्था हेरी कतिपय सदस्यले रु १० लाखसम्मको उपचार पाउने गरेको संस्थाले जनाएको छ।

धेरै खर्च हुने जटिल रोग लागेको, दुर्घटना भएर आकस्मिक उपचार गराउनु परेको र शल्यक्रिया गरिने अवस्थामा सहाराले शल्यक्रिया र औषधिको कूल खर्चको ९० प्रतिशतसम्म बेहोर्ने भएकाले सदस्यहरू 'जीवन बरदान' कार्यक्रमबाट लाभान्वित हुने गरेका छन्।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका उपनिर्देशक दिनेशबहादुर निरौलाका अनुसार एक दशकमा 'जीवन बरदान' मार्फत १७ हजार ७३७ जना सदस्यले रु ४१ करोड ९७ लाख बराबरको उपचार सेवा प्राप्त गरिसकेका छन्। चालु आर्थिक वर्ष २०८१/८२ मा एक हजार ४०० भन्दा बढी सदस्यले लगभग रु सात करोड बराबरको स्वास्थ्योपचार सेवा लिइसकेको उनले जानकारी दिए। पछिल्लो महिनामा सेवा लिएका कतिपयको बिल भरपाइ सङ्कलन भइरहेको हुँदा यकिन हिसाब आउन बाँकी रहेको बताइएको छ।

संस्थाले उपचारका लागि राजधानी काठमाडौंका सुविधा सम्पन्न अस्पतालदेखि मोफसलका ५० भन्दा बढी अस्पतालसँग सम्झौता गरेको जनाएको छ। बिरामीले आफैं अस्पताल रोजेर उपचार गराउन पाउने संस्थाले सदस्यलाई सुविधा दिएको छ।

'जटिल रोगका बिरामी वा शल्यक्रिया गराउनुपरेमा सदस्यले आफैँले चाहेको अस्पतालमा उपचार गराउन सक्नुहुन्छ', सेवा लिने प्रक्रियाबारे जानकारी दिँदै उनले भने, 'अस्पताललाई जीवन बरदान कार्ड देखाएर सहारा नेपाललाई भर्ना भएको जानकारी गराए पुग्छ। अस्पतालले कुनै धरौटी नलिइकन सबै उपचार गरिदिन्छ।'

संस्थाले शल्यक्रिया गराउँदा लागेको शुल्कको ९० प्रतिशत र उपचारमा लागेको खर्चको ८० प्रतिशत रकम अस्पताललाई भुक्तानी दिने गरेको छ। अस्पतालमा भर्ना भएको दिनदेखि डिस्चार्ज भएसम्मको अधिकांश खर्च संस्थाले नै बेहोर्ने भएकाले सहकारीका सदस्यले स्वास्थ्योपचारमा ठूलो राहत अनुभूति गर्दै आएका छन्।

अस्पतालबाट डिस्चार्ज भइसकेपछि घरमा बसेका बेला शल्यक्रिया गराएका बिरामीलाई संस्थाले नर्स पठाएर घरदैलो 'होम केयर' सेवा पुऱ्याउने गरेको छ। मुटु मिर्गौला, सुगर, प्रेसर, थाइराइड, दम, छारेरोगलगायत १० वटा दीर्घकालीन रोग लागेका सदस्यलाई औषधि खर्चको ५० प्रतिशतसम्म बेहोर्दै आएको संस्थाले जनाएको छ।

कनकाई नगरपालिका वडा नं. ३ का चन्द्रप्रसाद रिजालले गत चैतमा टाउकाको शल्यक्रिया गराउँदा सहाराको 'जीवन बरदान' कार्यक्रमबाट रु दुई लाख ५० हजार बराबरको उपचार विर्तामोडको बीएन्डसी अस्पतालबाट पाएको बताए। संस्थाको जीवन बरदान कार्यक्रमको सदस्य रहनुभएको बिर्तामोड नगरपालिका वडा नं. २ का ढुण्डीराज मिश्रले पनि एक वर्षअघि काठमाडौंको मेडिसिटी अस्पतालमा ट्यूमरको शल्यक्रिया गराउँदा रु चार लाख प्राप्त गरेको बताए।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा हाल एक लाख ९१ हजार सात सय २१ जना सदस्य छन् भने रु एक अर्ब ६९ करोड ८६ लाख ५९ हजार चार सय शेयर पुँजी रहेको छ। झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर र उदयपुर गरी छ जिल्लामा ८१ वटा सेवा केन्द्र सञ्चालनमा रहेका छन्। *रासस*

बक्यौता चुक्ता गर्ने बारे

**अत्यन्त जरूरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति **२०८२ असार २५** गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ